# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।१३

श्री प्रमुखज्यू,
बलान बिहुल गांउपालिका,
सप्तरी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

यस कार्यालयबाट बलान बिहुल गांउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ८२ लाख ८१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५ लाख २३ हजार, नियमित गर्नु पर्ने रु.६२ लाख १८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ९१ लाख ३० हजार र पेश्की रु २४ लाख १० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना २६ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**बलान विहुल गाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७४।७५**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। २ नम्बर प्रदेशमा अवस्थित यो गाउँपालिका अन्तर्गत ६ वडा, ३३.०४ वर्ग कि.मी.क्षेत्रफल र २६००० जनसंख्या रहेको छ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि. नं | विवरण | रकम | रकम | सि. नं. | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ० | १ | **चालु खर्च** | | २०३४०३१०७ |
| | क) नगद | | ० | २ | **पूँजीगत खच** | | ९१९२५७८ |
| | ख) बैंक | | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ५९२९३१ | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | | ० | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | | ० | ४ | **लगानी** | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | १९०३६१५९९ | | ऋण लगानी | | ० |
| | क) वित्तीय समानीकरण अनुदान | १४९१७३००० | ० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | ४११८८५९९ | ० | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | | ० | ५ | **धरौटी फिर्ता** | | ० |
| | घ) विशेष अनुदान | | ० | ६ | **कोष खर्च** | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ० | ७ | **मौज्दात** | | २७४६४१५६ |
| | क) वित्तीय समानीकरण अनुदान | | ० | | क) नगद मौज्दात | | ० |
| | ख) सशर्त अनुदान | | ० | | ख) बैंक मौज्दात (मुलखाता) | | ० |
| | ग) समपूरक अनुदान | | ० | | धरौटी | | ९१११४९ |
| | घ) विशेष अनुदान | | ० | | | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | | | ० |
| | क) ऋण प्राप्ति | | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ४९१०५३११ | | | | ० |
| १० | **धरौटी आय** | | ९१११४९ | | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १२ | **अन्य विविध आय** | | ० | | | | ० |
| १३ | **आयकर दाखिला बाँकी** | | ० | | | | ० |
| | **जम्मा** | | २४०९७०९९० | | **जम्मा** | | २४०९७०९९० |

| दफा नं. | लेखापरीक्षणबाट देखिउको व्यहोरा | रकम |
|---|---|---|
| १. | **लक्ष्य प्रगती :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गांउपालिका तथा नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अबधि समाप्त भएको १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने व्यबस्था छ ।आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रम नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावलीको नियम २५ मा अनुसूची २ को ढाँचामा चौमासिक प्रगती तयार गर्नुपर्ने व्यहोरा उल्लेख छ । यस गांउपालिकाले आर्थिक बर्ष २०७४।०७५ को बार्षिक प्रगति बिबरण र बार्षिक योजनागत प्रगति बिबरण तयार गरेको छैन । | |
| २. | **आन्तरीक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस गांउपालिकाले निम्न कार्यहरु जस्ता कार्यहरु गरी आन्तरिक नियन्त्रण प्रणालिलाई सुद्रीढ गराउदै लानु पर्ने देखिन्छ । | |
| २.१ | गांउपालिकाको आर्थिक कार्यबिधि संबन्धि, सार्बजनिक खरीद संबधि, बिभिन्न कोष सन्चालन संबन्धि कानून कार्यबिधिहरु बनाएको पाईएन । यस्ता नियम, कानून, कार्यबिधि बनाई यस गांउपालिकाको संपूर्ण कृयाकलापहरु सन्चालन हुनु पर्ने देखियो । | |
| २.२ | बार्षिक कार्यक्रमका हरेक आम्दानि खर्चका शीर्षकहरुलाई बर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम गर्नु पर्ने व्यबस्था भएपनि गांउसभाबाट स्वकृत बार्षिक कार्यक्रमको आम्दानि खर्चका प्रत्येक शिर्षकलाई गांउपालिकाको लेखाङ्कन गर्दा राखेका शिर्षकहरु संग भिडान हुने गरी नेपाल सरकारले निर्धारण गरे बमोजिम संम्माहित गर्नु पर्नेमा आम्दानी खर्च लेखाङ्कन गर्दा आम्दानी खर्चका शिर्षकहरु सोभ्कै भिडान हुने गरेको पाईएन । | |
| २.३ | शसर्त अनुदानको कार्यक्रम एबं गांउसभाबाट स्वीकृत बार्षिक कार्यक्रमको आम्दानि खर्चका प्रत्येक शिर्षकगत र बिचमा कुनै शिर्षक थप भए सो समेतको बजेट, आम्दानि, खर्च, देखिने गरी कार्यक्रमगत / योजनागत आम्दानि खर्च खाता तयार गरी श्रेस्ताको शिर्षकगत आम्दानि खर्च संग भिडान हुने गरी अध्याबधिक गराई राख्नु पर्ने देखियो । | |
| २.४ | यस गांउपालिकाले आर्थिक बर्ष २०७४।०७५ को बार्षिक प्रतिबेदन पुस्तीका, नगर प्रोफाईल तयार गरेको पाईएन । | |
| २.५ | यस गांउपालिकाले आन्तरीक लेखापरीक्षण गराएको पाईएतापनि यसलाई व्यबस्थित गरी अन्तरीक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणलिलाई सूदृढ गराएको देखिएन । | |
| २.६ | आर्थिक कार्यबिधि ऐन २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा संबन्धित तालुक कार्यालय वा बिभागिय प्रमुखले दश दिन सम्म ढिलो गरेको भए दश प्रतिशत जरिबाना गरी सो दाखिला गर्न लगाउने र पन्ध्र दिन सम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिबाना गरी सो समेत दाखिला गर्न लगाउने र पन्ध्र दिन भन्दा बढी ढिलो गरेको भए पच्चिस प्रतिशत जरीबाना गरी नगद दाखिला गर्न लगाउने समेतको व्यबस्था छ । आर्थिक बर्ष २०७४।०७५ मा कूल आन्तरिक आय रु. ५,९२,९३१।- आम्दिनी देखाएको छ । आम्दानिको नगदी रसिद, पोर्सिटिङ्ग अभिलेख, नगदी रसिद नियन्त्रण खाता लेखापरीक्षणार्थ पेश नभएकोले असूली देखाएको रकम समयमा नै बैङ्क दाखिला भएको छ र असूल हनु पर्ने जतिनै असूल भएको छ भन्न सक्ने आधार भएन । | ५,९२,९३१।- |
| २.७ | स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७२(१) मा गाउंपालिका तथा नगरपालिकाले प्रत्येक बर्षको साउन एक गते देखि आगामि बर्षको असार मसान्त सम्मको अबधिलाई आर्थिक बर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्ने व्यहोरा उल्लेख छ । यस बर्षको कारोबारलाई यसै बर्षको श्रेस्तामा देखाउदा श्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात फरक परेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राख्नु पर्नेमा बैङ्क रिकन्साईल गरी हिसाब अध्याबधिक गराई राखेको पाईएन । | |

| | | |
|---|---|---|
| २.८ | साविक गा.वि.स.को सम्पत्ति हस्तान्तरणको अध्याबधिक अभिलेख नराखेको, योजनागत बजेट, खर्चको अभिलेख राख्ने नगरेको, बिदि्युतिय लेखा सूत्र प्रयोग नभएको, निर्माण सामाग्रिको गुणस्तर परिक्षण नभएको, रोड ईन्भेन्ट्री नराखेको, आदि अबस्था बिद्यमान रहेको देखियो । तसर्थ आन्तरिक नियन्त्रणमा सुधार गर्नुपर्दछ । | |
| २.९ | कन्टेन्जेन्सी : सार्बजनिक खरिदमा कन्टिन्जेन्सि रकम खर्चलाई व्यबस्थित गर्ने निर्देशिका २०७४ मिति २०७४ श्राबण १ गतेबाट लागु भएको छ । प्रत्येक लागत अनुमान बमोजिमको निमार्ण काममा भुक्तानिको ३ प्रतिशत कन्टिन्जेन्सि कट्टा गरेर भुक्तानि गर्ने गरेकोमा निर्माण खर्चको योजनागत कन्टिन्जेनसी अभिलेख रजिष्टर खडा गरी राख्नु पर्नेमा राखेको पाईएन । यसो हुंदा हाल सम्म कट्टा भएको र खर्च भएको कन्टिन्जेन्सी रकम भिडान र एकिन गर्ने आधार भएन । त्यस्तै जुन प्रयोजनको लागी यस्तो कन्टिन्जेन्सि रकम कट्टा गरिएको हो सोहि प्रयोजनमा खर्च भएको छ भनि एकिन गर्ने आधार समेत भएन । कन्टिन्जेन्सि कोष खडा गरि राखेको पनि पाईएन । तसर्थ यस्तो प्रकियामा सुधार हुनु पदर्छ । | |
| २.१० | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDPE) आदि अन्तर्गत वैदेशिक अनुदानदाताको संयुक्त कोष समेत समाबेस भएकोमा आर्थिक कार्यविधि नियमावली २०६४ को अनुसूची ४,५,६,७,८ मुतविक वैदेशिक सहायकताको अभिलेख खडा गरी राखेको पाइएन । सहायताको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| २.११ | गांउपालिकाको संपूर्ण गर्नु पर्ने कृयाकलापहरुकाहरु समेटेर तयार गरेको आ.ब. २०७४।०७५ को बार्षिक खरीद योजना लेखापरीक्षणर्थ पेश हुन आएन । | |
| २.१२ | स्रोत नक्सांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन तयार गर्नु पर्नेमा यस्तो अभिलेख तथा श्रोत नक्साङ्कन तयार गरेको नपाईएकोले तयार गर्नुपर्दछ । | |
| २.१३ | आर्थिक विवरण : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गांउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्न सकिने व्यवस्था छ । गांउपालिकाले सो अनुसार लेखा नराखि आय व्यय बिबरण तयार गरेको पाइयो । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति हुँदैन । | |
| २.१४ | उपभोक्ता समिति : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोग्ता संग गरेको संझ्यौताको बुदा नंबर १५ मा आयोजना संपन्न भएपछि कार्यालयबाट जांचपास गरी फरफारकको प्रमाण पत्र लिनु पर्नेछ । साथै आयोजनाको आबश्यक मर्मत संभारको व्यबस्था सम्बन्धित उपभाग्ताहरुले नै गर्नु पर्नेछ भन्ने व्यबस्था छ । उपभोक्ता समितिबाट सञ्चालन गर्ने योजना हस्तान्तरण नहुने, खर्चको सूचना सार्वजनिक नगरेको जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । नियमावली अनुसार उल्लेखित कार्यहरु गर्नुपर्दछ । त्यस्तै उपभोग्ताले गर्ने कामको लागत अनुमानको काम सम्पन्न गर्न कुन सामान कति लाग्दछ उल्लेख भएको मेटेरियल्स ब्रेक डाउन र दर बिश्लिेशण समेत प्रत्येक लागत अनुमानमा संलग्न हुनु पर्ने देखियो । | |
| २.१५ | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । दफा ७० मा आकस्मीक कोष को व्यबस्था छ । त्यस्तै अन्य कोषहरु जस्तो आर्थिक सहायता कोष, बिपत व्यबस्थापन कोष जस्ता कोषहरु स्थापना गर्न सक्ने व्यबस्था छ । आर्थिक सहायता गाउं कार्यपालिकाको पटके निर्णयको आधारमा दिने गरेको छ । आर्थिक सहायता दिनको लागी एबं अन्य कुनै कार्य गर्नको लागी पनि कुनै कोषको व्यबस्था गरेको छैन । कोष सन्चालन निर्देशिका, नियम समेत बनाएको पाईएन । कोष सञ्चालन निर्देशिका तयार गरी कोषको कारोबार गरिनु पर्दछ । | |
| २.१६ | **वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गांउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । यस गांउपालीकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । आर्थिक वर्ष २०७४।०७५ मा डिपिआर गरेको ७ बटा योजना बाहेक वातावरणीय अध्ययन पश्चात मात्र योजना छनौट गरी लागु गरेको पाइएन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गर्नुपर्दछ । | |

| | | |
|---|---|---|
| २.१७ | **आन्तरिक आय ठेक्का** : आर्थिक बर्ष २०७४।०७५ मा कुनै आन्तरिक ठेक्का नलगाएको तर साबिक गा बि स ले लगाएको ठेक्काबाट आम्दानी गरेको पाईयो । पोखरी, पैनि जस्ता आयको श्रोत पहिचान गरीनु पर्ने देखियो । | |
| २.१८ | पेश्कि खाता र अन्य खाता : आ.ब. २०७४।०७५ को बैङ्क नगदी किताब, पेश्कि खाता अध्याबधिक नभएकोले अध्याबधिक गराई राख्नु पर्ने देखियो । त्यस्तै गाउंपालिकाले तयार गरेको बिभिन्न अभिलेख खाताहरुमा दस्तखत गरी गराई आदि गरी अभिलेख रजिस्टरलाई अध्याबधिक गरि गराई राख्नु पर्ने देखियो । | |
| २.१९ | **सार्वजनिक परीक्षण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक भेला सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस्तो सामाजिक भेलागर्ने कार्यको थालनि हुनु पर्ने देखियो । त्यस्तै खर्च सार्बजनिक गर्नु पर्ने देखियो । | |
| २.२० | यस गांउपालिका अन्तर्गत सन्चालित बिद्यालयहरु मध्ये कुन कुन बिद्यालयमा कुन कुन तहका निजि शिक्षकहरुलाई कुन बजेटबाट कति पारिश्रमिक भुक्तानि दिएको देखिने अभिलेख खडा गरी नराखेको र पारिश्रमिक माग गरेको माग फाराममा समेत खुल्ने नगरेकोले कुन बिद्यालयका कति निजी शिक्षकलाई गांउपालिकाले कुन श्रोतबाट कति पारिश्रमिक भुक्तानी दिएको छ भिडान एबं निश्चित गर्ने आधार भएन । निजि शिक्षकको पारिश्रमिक गांउपालिकाको आन्तरिक श्रोतबाट खर्च लेखिनु पर्दछ । त्यस्तै शिक्षकहरुको तलबि प्रतिबेदन समेत पास भएको पाईएन । | |
| २.२१ | स्थानीय तहका पदाधिकारी तथा सदश्यहरुको सुबिधा संबन्धि ऐन २०७५ को दफा ८ मा देहोरो पर्ने गरी सुबिधा नपाउने शिर्षक अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार, वा स्थानीय तहको सेबाबाट अबकाश लिई त्यस्तो सरकार वा तहबाट निबृत्तिभरण पाईरहेको कुनै व्यक्ति पदाधिकारी वा सदश्य पदमा निर्बाचित भएमा निजले दफा ३ बमोजिमको मासिक सुबिधा वा निबृत्तिभरण मध्ये एउटा मात्र रोज्न पाउने व्यबस्था भएकोले निबृत्तिभरण पाईरहेको पदाधिकारीहरु छुट्टीने अभिलेख खडा गरी राखेको पाईएन । | |
| २.२२ | यस गांउपालिकाले सन्चीत कोषको हिसाब राखि सो मा संपूर्ण आम्दानी समाबेस गरेर खर्च गर्नु पर्दा चालु, पूजीगत आदि बिभिन्न खातामा ट्रान्सफर आम्दानी गरी खर्च गर्नु पर्ने व्यबस्था भएकोमा सन्चीत कोष खातामा आम्दानी नगरी सिधै चालुकोष खातामा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा प्राप्त सामाजिक सुरक्षा भत्ताको दोश्रो र तश्रो चौमासिक निकासा क्रमश : रु. १,२२,०७,२००।- र रु. १,२३,३१,२००।- आम्दानी गरी खर्च गरेको पाईयो । आ. ब. २०७४।०७५ को अन्तमा जिम्मेवारी बांकि देखाएको चालु खाताको रु. १,३९,९५,६६५।५१ र पूंजीगत खाताको रु. १,०७,९१,५०२।- सन्चित कोष फिर्ता नगरी तिनै खातामा जिम्मेवारी रहिरहेकोले सन्चित कोष हिसाबले सहि र यथार्थ चित्रण गरेको पाईएन । गांउपालिकामा प्राप्त हुने संपूर्ण रकम सन्चित कोषमा आम्दानी बांधेर खर्च खातामा ट्रान्सफर आम्दानी गरी खर्च गर्नुपर्ने देखियो । तसर्थ ऐनमा व्यवस्था भए बमोजिम सञ्चित कोष तथा खर्च खाताहरुको अभिलेखराखी सम्बन्धित खातामा जनाई हिसाब दुरुस्त राख्नुपर्दछ। | |
| २.२३ | निसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । निर्माणमा प्रयोग भएका यन्त्र उपकरण मेसिनरी आदिको बिमा गराएको पाईएन । | |
| २.२४ | मिति २०७५।२।१७ को गांउ कार्यपालिकाको निर्णय नंबर १ बाट गाउ पालिका उपाध्यक्ष श्री रुवी गुप्ताको संयोजकत्वमा ६ सदस्यीय (बिशेष उपस्थीति ३ जना भन्दा बढी समेत) भन्दा बढिको अनुगमन सुपरिबेक्षण समिति गठन भएको पाईयो । यस समितिबाट प्रत्येक योजनाको अनुगमन पश्चात दिएको सिफारिसको आधारमा भुक्तानी हुनु पर्नेमा कतिपय योजनाहरुको भुक्तानि हुदा गांउपालिका उपाध्यक्षले अनुगमन गरेको प्रमाण संलग्न रहेको पाईएन । अनुगमन समितिको संयोजकको सिफारिस बेगर योजनाको भूक्तानि हुने प्रकृयामा सुधार हुनु पर्दछ । | |
| २.२५ | **भरपाईबाट खरिद** : आयकर ऐन २०५८ अनुसार मूल्य अभिबृध्दि कर बिजक जारी नभएको अबस्थामा १५ प्रतिशतले अग्रीम कर कट्टा गरी राजश्व दाखिला गर्नु पर्ने व्यबस्था छ । यस गाउँपालिकामा उपभोग्ता समिति मार्फत भएको कामको ढुङ्गा, गिट्टी, माटो, बालुवा आदि खरीद गरेको भरपाई संलग्न राखेर खर्च लेख्दा १५ प्रतिशतले अग्रीम कर कट्टा गरेको छैन । | |
| २.२६ | **बिबरण फाराम पेश नभएको** : लेखापरीक्षणका लागी मिति २०७५।९।२८ को पत्रमा बिभिन्न बिबरण फारामहरु समेत संलग्न राखि बिबरणहरु माग गरेकोमा पेश हुन आएन । | |

| | | |
|---|---|---|
| ३. | **प्रसासनिक खर्च :** आन्तरीक आय कुन आधार भित्र रहेर प्रशाशनिक खर्च गर्न पाउने जस्ता काईटेरिया तय नगरीकन नै आन्तरिक आयको रकम खर्च हुने गरेको पाईयो । त्यस्तै पूंजिगत खर्च र चालु खर्च कुनवाट के कस्तो खर्च गर्न सकिने हो आधार तय गरेर मात्र चालु र पूंजीगत खर्च गर्ने गर्नु पर्ने देखियो । | |
| ४. | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गांउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गांउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ यस गांउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ५. | **कार्य विवरण :** निजामती सेवा ऐन २०४९को दफा ५क(१) मा नेपाल सरकारले स्वीकृत गरेको संगठनकाने कार्य विवरणको आधारमा सम्बन्धित सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्नेछ । त्यस्तो कार्य विवरणमा त्यस्तो पदको काम ,कर्तव्य उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटिएको हुनु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले ऐनले तोके बमोजिमको कार्य विवरण बनाइ लागु गरेको पाइएन । कार्य विवरण नदिदा अधिकार र जिम्मेवारी स्पष्ट नहुने भएकोले कार्य सम्पादनमा असर पर्ने देखिन्छ । तसर्थ पालिकाले कार्य विवरण तयार गरी कर्मचारीको जिम्मेवारी र अधिकार किटान गरी ऐनको परिपालना गर्नु पर्ने देखिन्छ । | |
| ६. | **कार्यक्रमगत खाता :** वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यक्रम सञ्चालन गर्दा विभिन्न श्रोतबाट विनियोजित बजेट, निकासा एवं खर्चको स्थिति स्पष्ट हुने गरी प्रत्येक कार्यक्रम, कामको कार्यक्रमगत खाता, योजनागत खाता राख्नु पर्छ । जसले गर्दा खर्च स्वीकृत कार्यक्रम अनुसार भए नभएको र योजनागत खर्च स्पष्ट हुन्छ । कार्यालयबाट सञ्चालित प्रत्येक कार्यक्रमहरुको स्रोत छुट्टीने गरी कार्यक्रमगत खाता राखेको पाइएन जसले गर्दा कुन कार्यक्रम / काममा कति खर्च भयो भन्ने यकिन गर्न सकिएन । कार्यालयले स्विकृत कार्यक्रम अनुरुप कार्यक्रमगत खाता राख्ने तर्फ ध्यान पुर्‍याउनु पर्ने देखिन्छ । | |
| ७. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले यस गांउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थान गर्न सक्ने व्यवस्था छ । प्राप्त बिबरण अनुसार आ.व. ०७४।०७५ मा यस गांउपालिकाको आन्तरिक राजश्व रु.५,९२,९३१।- आम्दानी देखाएको छ । त्यस्तो आयबाट के कुन काममा कति खर्च भयो छुट्टीने अभिलेख रजिस्टर नरहेकोले आन्तरिक आयबाट भएको खर्च र संघीय अनुदानको रकमबाट भएको खर्च नछुट्टीएबाट खर्च प्रकृति विश्लेषण गर्ने आधार भएन । | |
| ८. | **जिन्सी व्यबस्था :** | |
| ८.१ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मुताविक खर्च नहुने जिन्सि खातामा पुरा स्पेसिफकेसन नखुलेका जति जिन्सी मालसामानको विवरण (पुरा स्पेसिफिकेशन ) खुलाउनु पर्ने देखियो । खर्च नहुने जिन्सी खाता आ.ब.२०७४।०७५ साल देखिको भएको र यसमा सो भन्दा अगाडी देखिको जिन्सी सामानहरु जिम्मेवारी सारेको पाईएन । यस नगरपालिकाको खर्च नहुने जिन्सी खाता र अर्को बिषयगत खाता उल्लेख गरी यसमा बाहिरबाट आएका कार्यालयहरुको खप्ने जिन्सी सामानको लागी यस गाउंपालिकाको एउटै खर्च नहुने जिन्सी खाता तयार गरी राखिएमा जिन्सी अभिलेख एकत्रीत हुन जाने देखिन्छ । नियम ५० मुताविक जिन्सि निरिक्षण हुनु पर्दछ । प्रस्तुत जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लेख भए मुताबिक कार्य गरी गराई एवं जिन्सि संकेत नंबर उल्लेख नभएका जति जिन्सी सामानमा जिन्सि संकेत नंबर उल्लेख गरि जिन्सीको अवस्था अध्यावधिक गराइ राख्नु पर्ने देखियो । | |
| ८.२ | खर्च नहुने जिन्सी खातामा हस्तान्तरण फाराम भरेर वा नाम जनाई वा नाम नजनाई निम्नानुसार जिन्सी लगत कट्टा गरेको पाईयो । पाउनेले जिन्सी आम्दानी बांधेको प्रमाण बिना नै लगतकट्टा गर्न मिल्ने देखिएन । जिन्सी खातामा कसलाई दिएको हो सो समेत कैफियत महलमा कतिपय ठांउमा उल्लेख गरेको पाईएन । | ३८,९०,०००।- |

| जि.खा. पा.नं. | खर्च मिति | समानको नाम | परि माण | इकाई | दर | जम्मा रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | 075/01/16 | अफिस दराज | 14 | थान | 22,800.00 | 319,200.00 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 075/01/16 | अफिस दराज | 11 | थान | 24,500.00 | 269,500.00 | | | |
| | | 1 | 075/01/16 | अफिस दराज | 4 | थान | 24,500.00 | 98,000.00 | | | |
| | | 2 | 075/01/15 | अफिस टेवुल | 14 | थान | 18,500.00 | 259,000.00 | | | |
| | | 2 | 075/01/16 | अफिस टेवुल | 3 | थान | 38,000.00 | 114,000.00 | | | |
| | | 2 | 075/01/16 | अफिस टेवुल | 2 | थान | 65,000.00 | 130,000.00 | | | |
| | | 2 | 075/01/16 | अफिस टेवुल | 6 | थान | 18,500.00 | 111,000.00 | | | |
| | | 2 | 075/03/26 | अफिस टेवुल | 4 | थान | 2,800.00 | 11,200.00 | | | |
| | | 3 | 075/01/16 | रिभलभिंग चेयर | 8 | थान | 14,500.00 | 116,000.00 | | | |
| | | 3 | 075/01/16 | रिभलभिंग चेयर | 11 | थान | 14,500.00 | 159,500.00 | | | |
| | | 3 | 075/01/16 | रिभलभिंग चेयर | 4 | थान | 21,000.00 | 84,000.00 | | | |
| | | 3 | 075/01/16 | रिभलभिंग चेयर | 6 | थान | 14,500.00 | 87,000.00 | | | |
| | | 3 | 075/01/18 | रिभलभिंग चेयर | 2 | थान | 1,500.00 | 3,000.00 | | | |
| | | 4 | 075/01/15 | पलास्टिक कुर्सी | 35 | थान | 950.00 | 33,250.00 | | | |
| | | 4 | 075/01/15 | पलास्टिक कुर्सी | 135 | थान | 950.00 | 128,250.00 | | | |
| | | 4 | 075/01/16 | पलास्टिक कुर्सी | 14 | थान | 900.00 | 12,600.00 | | | |
| | | 5 | 075/01/15 | वौस चयेर हाइड्रोलिक | 2 | थान | 26,500.00 | 53,000.00 | | | |
| | | 6 | 075/01/16 | इन्भेटर | 1 | थान | 22,500.00 | 22,500.00 | | | |
| | | 7 | 075/01/16 | Exide Battery(180Am) | 2 | थान | 38,000.00 | 76,000.00 | | | |
| | | 7 | 075/03/21 | Exide Battery(180Am) | 3 | थान | 35,000.00 | 105,000.00 | | | |
| | | 8 | 075/01/15 | पंखा | 3 | थान | 4,200.00 | 12,600.00 | | | |
| | | 8 | 075/01/15 | पंखा | 7 | थान | 4,800.00 | 33,600.00 | | | |
| | | 8 | 075/01/15 | पंखा | 2 | थान | 4,200.00 | 8,400.00 | | | |
| | | 9 | 075/01/16 | सोफा सेट | 2 | थान | 75,000.00 | 150,000.00 | | | |
| | | 9 | 075/01/16 | सोफा सेट | 1 | थान | 140,000.00 | 140,000.00 | | | |
| | | 10 | 075/01/16 | कार्पेट | 65 | मी. | 850.00 | 55,250.00 | | | |
| | | 12 | 074/12/18 | प्रोजेक्टर | 1 | थान | 69,665.00 | 69,665.00 | | | |
| | | 13 | 074/12/16 | ल्यापटप (hp) | 1 | थान | 90,280.00 | 90,280.00 | | | |
| | | 13 | 074/12/17 | ल्यापटप (Lenovo) | 1 | थान | 101,420.00 | 101,420.00 | | | |
| | | 13 | 074/12/18 | ल्यापटप (Dell) | 1 | थान | 86,490.00 | 86,490.00 | | | |
| | | 13 | 075/09/15 | Destop | 1 | थान | 65,000.00 | 65,000.00 | | | |
| | | 14 | 074/12/16 | प्रिन्टर (canon) | 1 | थान | 40,875.00 | 40,875.00 | | | |
| | | 14 | 074/12/16 | प्रिन्टर (canon) | 1 | थान | 20,140.00 | 20,140.00 | | | |
| | | 14 | 074/12/16 | प्रिन्टर (canon) | 1 | थान | 20,140.00 | 20,140.00 | | | |
| | | 14 | 075/1/15 | प्रिन्टर (canon) | 1 | थान | 48,900.00 | 48,900.00 | | | |
| | | 16 | 075/01/18 | हेड सेट | 1 | थान | | 4,100.00 | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | 4,100.00 | | | |
| 17 | 074/12/16 | Desktop with LED | 1 | थान | 68,720.00 | 68,720.00 | | |
| 18 | 074/12/16 | Hard Desk Gxt | 1 | थान | 15,405.00 | 15,405.00 | | |
| 19 | 074/12/18 | Speaker | 1 | थान | 2,310.00 | 2,310.00 | | |
| 20 | 075/01/16 | Legard | 10 | थान | 1,327.43 | 13,274.30 | | |
| 21 | 075/01/16 | Helmate | 10 | थान | 1,769.91 | 17,699.10 | | |
| 22 | 075/01/15 | ओपन र्याक अलमिरा | 1 | थान | 7,800.00 | 7,800.00 | | |
| 23 | 075/03/27 | Mobile set | 8 | थान | 13,050.00 | 104,400.00 | | |
| 24 | 075/03/17 | Microscope | 1 | थान | 49,900.00 | 49,900.00 | | |
| 25 | 075/03/17 | Boldizo Constator | 1 | थान | 15,500.00 | 15,500.00 | | |
| 25 | 075/03/17 | Boldizo Constator | 1 | थान | 18,500.00 | 18,500.00 | | |
| 29 | 075/03/21 | सोलार पयनल सेट | 4 | थान | 31,500.00 | 126,000.00 | | |
| 30 | 075/03/21 | डिस्क wire | 20 | Meter | 2,000.00 | 40,000.00 | | |
| 32 | 075/03/21 | स्टयंड | 3 | थान | 7,000.00 | 21,000.00 | | |
| 33 | 075/03/21 | चार्ज कन्ट्रोलर | 3 | Set | 7,000.00 | 21,000.00 | | |
| 34 | 075/03/21 | Instalation Charger | 3 | थान | 8,000.00 | 24,000.00 | | |
| 49 | 075/03/17 | ए. आई कन्टेनर | 1 | Cylinder | 90,000.00 | 90,000.00 | | |
| 50 | 075/03/16 | Refree | 1 | Cylinder | 30,000.00 | 30,000.00 | | |
| 50 | 075/03/17 | Refree | 1 | Cylinder | 30,000.00 | 30,000.00 | | |
| 51 | 075/03/17 | वर्डजो कंडेटर | 1 | थान | 20,000.00 | 20,000.00 | | |
| 52 | 075/03/17 | ए. आई गन | 4 | थान | 1,250.00 | 5,000.00 | | |
| 56 | 075/01/12 | पंचिंग मेसिन | 2 | थान | 2,450.00 | 4,900.00 | | |
| 62 | 075/09/16 | पोस्ट मार्टम सेट | 1 | सेट | 5,656.78 | 5,656.78 | | |
| | | जम्मा | | | | 3,869,925.18 | | |

| | | |
|---|---|---|
| ८.३ | **साईकल खरिद :** दुई पाग्रे साइकल खरिद गर्ने गांउ कार्यपालिकाको निर्णय बमोजिम २७ थान साइकल विभिन्न दरमा विभिन्न वडाहरुबाट खरिद भइ पेश भएको विल बमोजिम गो.भा.नं. हरु ११२,११३,११४,११५,१२३,१२८ बाट विभिन्न वडाका सचिवहरुलाई र वडा नं. ५ को कार्यालय सहयोगीलाई कुल रु २,३३,५८५।-सोध भर्ना भुक्तानी दिएकोमा खरिद गरिएका साइकलहरु नगरपालिकाको जिन्सी खातामा जिन्सी आम्दानी बाधेको पाइएन । | २,३३,५८५।- |
| ९. | **सम्पत्ति हस्तान्तरण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।<br>स्थानीय तहमा सेबा प्रवाह सम्बन्धि व्यबस्था, २०७४ को बुदा नंबर १८(१) मा संघीय संरचना जिल्ला स्तरमा रहने संघीय सरकारका कार्यालयहरु बाहेकका जिल्लास्थित जिल्ला प्राविधिक कार्यालय, कृषि विकास कार्यालय, पशु सेबा कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, नगर बिकास समिति, खेलकूद बिकास समिति जस्ता बिकास समितिहरु, भू-संरक्षण कार्यालय, शिक्षा कार्यालय, तथ्याङ्क कार्यालय, पर्यटन कार्यालय, महिला तथा बालबालिका | |

| | | |
|---|---|---|
| | कार्यालय, प्रतिष्ठान र आयोजना परियोजना, यस्तै प्रकृतिका जिल्ला स्थित कार्यालय र सो मातहतका अन्य कार्यालय बा निकायहरुको नेपालको संबिधान र स्थानिय सरकार सन्चालन ऐन २०७४ बमोजिम स्थानीय तहको कार्य जिम्मेवारीमा परेका कार्यहरु स्थानीय तहमा हस्तान्तरण भए अनुसार सो ऐनको दफा १०४ बमोजिम उक्त ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र त्यस्ता कार्यालय ,निकाय , समिति तथा अन्य निकायको सम्पत्ति, दाईत्व , अभिलेख , कागजा तथा, बजेट संबन्धित गांउपालिका वा नगरपालिकामा स्थानान्तरण गरीसक्नु पर्ने उल्लेख छ । त्यस्तै बुदा नंबर १८(२) मा यस दफा बमोजिम दाईत्व, सम्पत्ती र कार्यक्रम स्थानान्तरण गर्दा अचल सम्पत्तिको हकमा जुन गांउपालिका वा नगरपालिकामा यस्तो अचल संपत्ति रहेको छ सोही गांउपालिका वा नगरपालिकालाई अभिलेख सहित हस्तान्तरण गर्नु पर्ने व्यहोरा उल्लेख छ । यस गांउपालिकाको स्वामित्वमा आउनु पर्ने कुनै कार्यालय / साबिकको गाउं बिकास समितिको संपत्ति, दाईत्व, अभिलेख, कागजात तथा, बजेट यस गांउपालिकाबाट स्थानान्तरण भएर आएको पाईएन । साविक समितिबाट स्थानान्तरण कार्य सम्पन्न गर्नुपर्दछ । | |
| १०. | **बरबुझारथ :**मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा सम्माहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गांउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गांउपालिकामा सम्माहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ११. | **कम लागतका आयोजना :** स्थानीय श्रोत परिचालन तथा व्यबस्थापन कार्यबिधि २०६९ को बुदा नंबर ११(२) मा गांउपालिकाले आर्थिक, सामाजिक, एबं भौतिक पूर्बाधार बिकास अन्तर्गत बिनियोजन भएको पूंजीगत बजेटबाट ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यबस्था छ । वडाको लागी ५४ योजनाहरु छुट्याएकोमा अधिकाम्स योजनाहरु ५ लाख भन्दा कमका रहेका छन् । उक्त कार्यबिधिको पालना हुनु पर्ने तर्फ संबन्धितको ध्यान जानु पर्ने देखियो । | |
| १२. | **मौज्दात रकम :** सन्चित कोषको हिसाबमा गतको मौज्दात जिम्मेवारी देखाएको छैन । यस गांउपालिका बन्नु अधिका साबिकका ५ वटा मल्हनिया, मौबाहा, बेल्ही, रामनगर, रौतहट गांउ बिकास समितिहरुको बैङ्क खातामा मौज्दात रहे नरहेको संबन्धमा उक्त गांउ बिकास समितिको खाताहरुको २०७५।३।३२ को बैङ्क स्टेटमेन्ट प्रस्तुत हुन आएन । | |
| १३. | **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (२) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । उदाहरणार्थ : ८ वटा मोवाइल र ४ वटा ल्यापटप खरिद गरी तत्काल खर्च जनाईएको छ त्यस्तै प्रहरी चौकि चन्हीमा बाउण्ड्रीवाल निमार्ण खर्च रु.२,९०,८८०।- गरेको छ । यस्तो कार्यमा सुधार हुनु पर्दछ । | |
| १४. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा यस गांउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गांउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नू पर्नेमा लगत नै राखेको पाईएन । र व्यबसायिहरुको व्यबसाय दर्ता गरेको समेत पाईएन । यस गांउपालिकाले गांउपालिका क्षेत्र भित्रका व्यवसायीको अध्यबधिक अभिलेख राखि व्यबसायिलाई करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १५. | **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र स्थानिय तहका कर्मचारी हरुको तलबि प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट तलबी प्रतिबेदन पारित गरेर मात्र तलब,ग्रेड खर्च लेख्नु पर्ने व्यबस्था छ । तलबि प्रतिबेदन पास गरेको पाईएन । त्यस्तै स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन दरबरन्दी कायम, पूर्ति गर्ने तर्फ गाउंपालिकाको ध्यान जानु पर्ने देखियो । | |
| १६. | **खरिद कारवाही** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही गर्न नहुने व्यवस्था छ । गांउपालिकाको स्वामित्व कायम बिना नै निम्न सार्बजनिक जग्गामा निम्न पुराना एबं आ.ब. २०७४।०७५ मा निर्माण भएका संरचना रहेको पाईयो । आर्थिक बर्ष २०७४।०७५मा यस्तो सार्बजनिक जग्गा आफ्नो स्वामित्वमा नआएको अबस्थामा पनि रु.२६,२०,०००. खर्च गरेको पाईयो । | २६,२०,०००. |

| योजनाको नाम | ठेगाना | खर्च लेखेको आर्थिक बर्ष | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| सन्त भवन निर्माण कार्य | वडा नं. १ | ०७४/०७५ | ५०००००.०० | |
| चन्ही रा.प्र वि मा अधरो शौचालय निर्माण | | ०७४/०७५ | २७००००.०० | |
| दिघियाको डिहवाट बाबाको बाउन्डरी वाल | वडा नं. २ | ०७४/०७५ | १५००००.०० | |
| टिकुलियामा सलहेश मन्दिर निर्माण | वडा नं. ३ | ०७४/०७५ | ३०००००.०० | |
| मौवाहा गाउँमा पुवारी टोल डिहवारथानमा मण्डप र वाउन्डरीवाला | वडा नं. ३ | – | २७५०००.०० | |
| चौती दुर्गा मन्दिरमा अधुरो निर्माण कार्य सम्पन्न गर्ने ढल धलान | वडा नं. ३ | – | ३०००००.०० | |
| दुधैला गाउँमा सलहेश मन्दिर निर्माण कार्य | वडा नं. ३ | ०७४/०७५ | ३०००००.०० | |
| अधुरो गाविस भवन निर्माण | वडा नं. ४ | – | १५०००००.०० | |
| अनरी पोम्वरी मर्मत कार्य | वडा नं. ६ | – | ४०००००.०० | |
| पैनपिबी पेश्वरी मर्मत कार्य | वडा ६ | – | ६०००००.०० | |
| कैरलाही पोश्वरी मर्मत कार्य | वडा ६ | – | ६०००००.०० | |
| वडा नं. २ भणवती रा.प्रा.वि मा संरचनात्मक सुधार | वडा नं. २ | – | ५०००००.०० | |
| वडा ३ मा रहेको उमावि मौवाहमा मा संरचनात्मक सुधार | वडा ३ | – | ५०००००.०० | |
| वडा ३ मा टिकुलिया प्रा.वि.मा वाउन्डरी वाल | वडा ३ | – | ५०००००.०० | |
| वडा नं. १ मा प्रहरी चौकी संरचनात्मक सुधार | वडा १ | – | ३०००००.०० | |
| वडा न ४ मा प्रहरी चौकि संरचनात्मक सुधार | वडा ४ | – | ४०००००.०० | |
| दुधैला गाउँमा Santa Baba House | वडा ३ | ०७४/०७५ | ६०००००.०० | |
| Rabi Das temple | वडा १ | – | ५०००००.०० | |
| ऐलानी / पर्ती छुट्याउन पिलर जडान कार्य | वडा ६ | ०७४/०७५ | ५०००००.०० | |
| | | **जम्मा** | **२६,२०,०००.** | |

१७. **सामाजिक सुरक्षा भत्ता र खर्चको भुक्तानि :** स्थानिय तहमा बजेट तजुमा, कार्यान्वियन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नंबर ३.५ मा नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागी तलब भत्ता लगायत अन्य रकमहरु समेत बैंङ्क खाता मार्फत भुक्तानि गर्ने व्यबस्था मिलाउनु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । आर्थिक बिबरण अनुसार यस बर्ष सामाजिक सुरक्षामा रु.३,६४,५५,२००।०० खर्च भएको छ । सामाजिक सुरक्षा भत्ताको रकम पटक पटक गरेर वडागत पेश्कि नछुट्याई केहि बडामा बितरण गर्न वडा सचिबले एकमुस्ट पेश्कि लिएर वडा, वडामा नगद नै बितरण गरेको भरपाई संलग्न गरी पेश्कि फछ्र्यौट गरेको पाईयो । सामाजिक सुरक्षा भत्ताको वडागत लगत अभिलेख अध्याबधिक हुनु पर्नेमा वडागत लगत अभिलेख अध्याबधिक छैन । आ.ब. २०७४।०७५ मा थप घट भएको बिबरण लेखापरिक्षणार्थ पेश भएन र यस्तो थमघटको छुट्टै अभिलेख राखेको पनि पाईएन । नेट नभएको भनि एम्. आई. एस्. बिबरणको उपयोग गरेको छैन । तसर्थ सामाजिक सुरक्षा भत्ताको रकम प्राप्त गर्नु पर्नेले नै प्राप्त गरेका छन् भन्न सक्ने आधार भएन । यस गांउ पालिकामा पहिलो चौमासिकमा रु. १,२०,२६,०००।-, दोश्रो चौमाबिकमा रु. १,२१,२३,६००।-, र तेश्रो चौमाबिकमा रु. १,२१,७८,६००।- गरी जम्मा रु.३,६३,२८,२००।- मात्र खर्चको बिलभरपाई पेश भएकोले आर्थिक बिबरणमा खर्च देखाएको रकममा रु. १,२७,०००।- फरक पर्न गएको देखिएकोले यस्तो फरक रकमको हिसाब रिकन्साईल हुन हुनु पर्ने देखिन्छ । सामाजिक सुरक्षा भत्ता कार्यक्रम संचालन कार्यविधि २०६९ बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनेको आवश्यक सम्पूर्ण विवरण खुल्ने अभिलेख खाता अद्यावधिक गराई राख्नु पर्ने र सोहि आधारमा मात्र सामाजिक सुरक्षा भत्ता बितरण गर्नु पर्ने देखियो । वडा सचिबहरुले आर्थिक बर्षको अन्तमा पेश गरेको बैठक भत्ता,खाजा खर्च र साईकल खरिदको रकम सोभ्है रकम पाउनेको बैङ्क खातामा निकासा नदिई बडा सचिबलाई सोधभर्ना भुक्तानी गरेको पाईयो । नगद भुक्तानिको संबन्धमा उक्त निर्देशिका को पूर्णतह पालना गर्नु पर्ने देखिन्छ । गांउसभाबाट पनि आ.ब. २०४७।०७५ को खर्च अनुमोदन भएको छैन ।

| | | |
|---|---|---|
| १८. | **न्याय सम्पादन** यस गांउपालिकामा परेका उजूरी, मुद्दाको अभिलेख अध्याबधिक गराई राख्नु पर्ने देखियो । | |
| १९. | **खर्च अनुमोदन :** आर्थिक बर्ष २०७४।०७५ मा यस गांउपालिकाको कूल आम्दानि / अन्तिम मौज्दात समेतको खर्च भएकोमा गांउसभाबाट पुरै आर्थिक बर्षको आम्दानी खर्च अनुमोदन गराएको छैन । | |
| २०. | **कार्य योजना :** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा २४(१) मा गांउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि रणनीतिगत, बिषय क्षेत्रगत, मध्यकालिन, तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्नु पर्ने व्यहोरा उल्लेख भएकोमा यस्तो रणनीतिगत, बिषय क्षेत्रगत, मध्यकालिन, तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्दछ । | |
| २१. | **शिक्षक अभिलेख :** बिभिन्न बिद्यालयका शिक्षकहरुको बिद्यालयगत दरबन्दी, नियुक्ति, सरुवा, काज, अबकास, आदि खुलेको अभिलेख रजिस्टर लेखापरिक्षणार्थ प्रस्तुत नभएकोले शिक्षहहरुलाई लेखेको तलब, भत्ता खर्च भिडान गर्ने आधार भएन । शिक्षकको पारित तलबि प्रतिबेदन प्रस्तुत हुन आएन । | |
| २२. | **सम्पत्ति हस्तान्तरण :** स्थानिय तहमा बजेट तजुमा , कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नंबर ३.१ को पहिलो बुंदामा आफुले उठाएको राजश्व र नेपाल सरकारबाट हस्तान्तरण भई संन्चित कोषमा दाखिला भएको अनुदान रकम स्थानीय तहको गांउसभा तथा नगरसभाबाट स्वीकृत बार्षिक बजेट तथा योजना अनुसार कानून बनाई खर्च गर्नु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । यस गांउपालिकाले पुस्ट्याई आधार बेगर गाउंसभाबाट पूंजिगत र चालु खर्च छुट्याई बजेट बिनियोजन गरेको पाईयो । यसोहुंदा पूंजिगत खर्च र चालु खर्च अन्तर्गत के के खर्च समाबेस हुनु पर्ने हो निश्चित गर्ने आधार भएन । तसर्थ खर्च गर्ने आधार तयार गरी बिनियाजन एबं खर्च गर्नु पर्ने देखियो । | |
| २३. | **प्राबिधिक पुस्ट्यायी :** उपभोग्ताबाट कार्य गराउनको लागी तयार गरिने लागत अनुमान तयार गर्नु पूर्ब लागत अनुमान बनाउने स्थानको कुन कुन ठाउंमा कति कस्तो भौगोलिक अबस्था सो को प्राबिधिक पुस्ट्यायीको आधारमा लागत अनुमान तयार गर्नु पर्नेमा लागत अनुमान तयार गर्नु पूर्ब यस्तो प्रबिधिक पूस्ट्याई संलग्न राख्ने गरेको नपाईएबाट बनेको लागत अनुमान र सो मुताबिकको खर्च बास्तबमा त्यति नै खर्च हुनु पर्ने थियो भनि भिडान गर्ने आधार भएन । | |
| २४. | **अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९ को दफा ३३(२) बमोजिम गाउंपालिकाले आफ्नो क्षेत्र भित्र संचालित बिभिन्न कार्यक्रमहरु वा आयोजनाहरुको समग्र अनुगमन गर्न नगर प्रमुख वा नगर प्रमुखको काम गर्न तोकिएको पदाधिकारीको संयोजकत्वमा नगर सुपरिबेक्षण तथा अनुगमन समिति गठन गरी सो समितिले संचालित कायक्रम, आयोजना, सामाजिक सुरक्षा भत्ता बितरण, बाल संरक्षण अनुदान र व्यत्तिगत घटना दर्ता कार्यक्रम लगायत गांउपालिकाका समग्र कार्यक्रमहरुको अनुगमन गर्नु पर्न व्यबस्था भएकोमा यो बर्ष बिशेषत : आयोजनाहारु बाहेक अन्यमा यस्तो अनुगमन गरेको पाईएन । त्यस्तै गांउपालिकाका बडाहरुमा भएका जिन्सि सामानहरु ठिक दुरुस्त भए नभएको संबन्धमा गांउपालिकाबाट अनुगमन निरीक्षण हुने गरेको पाईएन । बार्षिक कार्य तालिका बनाई अनुगमन गर्नु पर्ने देखियो । बडाको निरीक्षण भई जिन्सि सुनिश्चित हुने गर्नु पर्ने समेत देखियो । | |
| २५. | **सबारी साधन खरिद :** आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम १२३ बमोजिम कार्यालयले सुवीधा वृद्धि गरी आथिर्क दायित्व पर्ने निर्णय गर्दा गराउदां अर्थ मंत्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार सबारी साधन खरिद गर्दा नियममा व्यवस्था भए बमोजिम सहमति लिएको नपाईनुको अतिरिक्त आफ्नो आन्तरिक आय बाट खरिद गरेको समेत पाईएन । | |

| जि.खा.पा.नं. | दाखिला मिति | सबारी साधनको नाम | परिमाण | खरीद मूल्य (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ३५ | २०७५/३/१० | स्कार्पियो सिल्भर कलर | १ | ४३९३८०५.३० | |
| ३७ | २०७५/३/२६ | ट्याक्टर २७५ डि आइ महेन्द्रा | १ | ११९९०००.०० | गा.पा. को नाममा नाम्सारी भई व्लुबुक प्राप्त भएको छैन । |
| ६४ | २०७५/१/२० | मोटरसाइकल एफ . जेड.एस र स्कुटर | १० | २४७५०००.०० | ८ मो.सा.२ स्कुटर |
| | | **जम्मा** | | ८०६७८०५.३ | |

| | | |
|---|---|---|
| २६. | **बजेट पारित गर्नु पर्ने :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७१(६) मा सभाले उपदफा १ वा ५ बमोजिम पेश भएको बजेट असार मसान्त भित्र पारित गरिसक्नु पर्ने भएपनि दफा ७१(७) मा पहिलो पल्ट गठन भएको गांउपालिका पदाधिकारीले पद बहालि गरेको दुई महिना भित्र बजेट पास गर्न बाधा मानिने छैन भन्ने व्यबस्था भएकोमा यस गांउपालिकाको बजेट २०७४ चैत्र ९ गते मात्र पास गरेको पाईयो । दोश्रो साधारण सभाको बैठक बसको पाईएन । तसर्थ आ.ब. २०७४।०७५ को आम्दानी / खर्च / रकमान्तर अनुमोदन भएको छैन । | |
| २७. | **मूल्य अभिबृघि करको जानकारी नदिएको :** प्रत्येक मूल्य अभिबृध्दि कर भुक्तानिको जानकारी संबन्धित आन्तरिक राजश्व कार्यालयलाई पठाउनु पर्ने व्यबस्था रहेको छ । यस गांउपालिकाले उपभोग्ता समितिले पेश गरेको मूल्य अभिबृध्दि करको कर बिजक अनुसारको जानकारी संबंन्धित आन्तरिक राजश्व कार्यालयलाई दिएको नपाईएकोले बिबरण तयार गरि जानकारी दिनु पर्ने देखियो । | |

<table>
<tr><td>२८.</td><td>बजेट स्वीकृत गराई खर्च गर्नु पर्ने : स्थानिय तहमा बजेट तजुमा , कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नंबर ३.१ को पहिलो बुंदामा आफुले उठाएको राजश्व र नेपाल सरकारबाट हस्तान्तरण भई संन्चित काषमा दाखिला भएको अनुदान रकम स्थानीय तहको गांउसभा तथा नगरसभाबाट स्वीकृत बार्षिक बजेट तथा योजना अनुसार कानून बनाई खर्च गर्नु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । कानूनबाट निर्देशित नभएका सुरु बिनियोजनमा नपरेका, गांउसभाले अनुमोदन नगरेका बिभिन्न शिर्षकहरुमा गांउ कार्यपालिकाबाट निर्णय गरेर खर्च गर्ने गरेको पाईयो । बजेटमा समाबेस नगराएको शिर्षकमा खर्च गर्न मिल्ने नदेखिएकोले खर्च नियमित गर्नु पर्दछ । उदाहरणार्थ : वडा नंबर ६ को ५० लाखको बजेट गांउसभा हुदाको बखत प्रस्तुत नभएपनि पछि गांउकार्यपालिकाको निर्णयबाट खर्च भएको छ । त्यस्तै प्रति वडा संचालन बजेट ५ लाख, बिभिन्न ५७ लाखको ६ बटै बडाहरुमा पूर्बाधार बिकास तथा अन्य पूंजिगत शिर्षकमा खर्च गर्नको लागी रकमान्तर गरेर खर्च गरेको छ । गांउ कार्यपालिकाले आम्दानीका दरहरु घटाएको छ तर गांउ सभाबाट अनुमोदन हुन बांकि छ । गांउ सभाको बैठक २०७४ चैत्र ९ गते बसेकोले यस अघि गरेको संपूर्ण आम्दानि खर्च, आम्दानि खर्च गर्न बैधता प्राप्त भएको समेत छैन ।</td><td></td></tr>
<tr><td>२९.</td><td>औषधि खरिद एवं भण्डारण: प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक लेखा समितिले म.ले.प. को ४७ औं प्रतिवेदनको निःशुल्क वितरण गरिने औषधीको लोगोको व्यहोराका सम्वन्धमा दिएको सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ । कार्यालयले खरिद गरेको / हस्तान्तरण भई आएका विभिन्न प्रकारका औषधिहरुको बाँकी औषधीमा निःशुल्क वितरणको लोगो समेत लगाएको पाईएन । निर्देशिकाको परिपालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>सोधभर्ना भुक्तानी: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७६(१) मा प्रचलित कानून बमोजिम कार्यालयले नेपाल भित्र वा विदेशबाट मालसामान खरिद गर्दा सोझै सम्बन्धित विक्रेतलाई भुक्तानी दिनु पर्ने व्यवस्था छ । तसर्थ कर्मचारी / वडा सचिबलाई खरिद खर्च सोधभर्ना दिने प्रकृयामा नियन्त्रण हुनु पर्ने देखिन्छ । उदाहरणार्थ यस गांउपालिकाका बिभिन्न वडाहरुको लागी आबश्यक कार्यालय सन्चालन सामाग्रिहरु खरिद गरि सोधभर्ना भुक्तानी दिने गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>३१.</td><td>बैंक हिसाब मिलान:– नगरपालिकाले आर्थिक वर्षमा गरिएको कारोकारको श्रेस्ताले देखाएको मौज्दात र बैंक स्टेटमेन्टले देखाएको बांकी मौज्दातका सम्बन्धमा प्रत्येक महिना हिसाब मिलान गरी मौज्दात रकम दुरुस्त गरी राख्नुपर्नेमा नगरपालिकाले बैंक हिसाब मिलान गरेको छैन । जसको कारण बैंक स्टेटमेन्टले देखाएको मौज्दात र श्रेस्ताले देखाएको मौज्दातका सम्बन्धमा यकिन गर्न सकिएन । यस कार्यमा गांउपालिकाले मौज्दात रकम बैंक हिसाब विवरण तयार गरी यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>कर बिजक : मुल्य अभिवृद्धि ऐन, २०५२ को दफा १४ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची ५ बमोजिमको ढाँचामा सिलसिलेवार नम्बर सहितको प्रिन्टेड बिजक जारी गर्नुपर्ने व्यवस्था छ । श्री गायत्रि निर्माण सेबा कन्चनपुर-४ सप्तरी Pan नंबर ३००५२३७१३ लाई बिजक नंबर १० को रु.४,९४,५३१।४७ खर्च लेखेको मध्ये रु.५६,८९२।- मु.अ.कर समेतको भुक्तानी यस कार्यालयबाट दिएको देखियो । तर उक्त कर बिजकको मु.अ.कर दर्ता नं. आन्तरिक राजश्व कार्यालयको वेव साइटमा खोज्दा बिजक जारीकर्ता Non-Filler उल्लेख भएको पाइएबाट भुक्तानी लिएको मुल्य अभिवृद्धि करको रकम रु.५६,८९२।- .मुल्य अधिवृद्धि कर समायोजन गरेको वा रकम असुल भएको पाईएन ।</td><td>५६,८९२।-</td></tr>
<tr><td>३३.</td><td>सुबिधा : लेखा परीक्षण गरेका श्रेस्ताहरुबाट निम्नानुसार बैठक भत्ता, गाडी भाडा, प्रोत्साहन सुबिधा, सल्लाहाकार, स्वकिय सचिब, नियुक्ति आदि सुबिधा खर्च लेखेको रकम उल्लेख गरिएको छ । यसको अलाबा उक्त बैठक, भाडा, सुबिधा, नियुक्ति आदिमा बर्ष भरिमा लेखेको संपूर्ण खर्च रकम नियम अनुकूल नदेखिएकोले यस गांउपालिकाबाट नै यकिन हुनु पर्ने समेत देखियो ।</td><td></td></tr>
<tr><td>३३.१</td><td>बैठक भत्ता : प्रदेश नंबर २ ले बनाएको स्थानिय तहका पदाधिकारी तथा सदश्यहरुको सुबिधा संबन्धी ऐन २०७५ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित वा मनोनित भएको मितिदेखि अनुसुचि १ बमोजिमको रकममा नबढने गरी स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्वन्धित सभाले पारित गरे वमोजिमको सुविधा तथा भत्ता पाउने उल्लेख छ । यस गांउपालिकाले उक्त कानूनमा व्यबस्था नभएको बैठक भत्ता बापत खर्च लेखेको रकम नियम अनुकूल नदेखिएको ।
<table>
<tr><th>गो.भा.न. मिति</th><th>विवरण</th><th>दर</th><th>संख्या</th><th>पदाधिकारी</th><th>कर्मचारी</th></tr>
<tr><td>७१/२०७५/२/३</td><td>कार्यपालिका कोष बैठक भत्ता असोज देखि चैत्र सम्म</td><td>१०००</td><td>१६२</td><td>१२९०००</td><td>३३०००.००</td></tr>
<tr><td>७१/२०७५/२/३</td><td>गाउँ सभाको बैठक</td><td>१५००.००</td><td>४६</td><td>३३०००.००</td><td>३६०००.००</td></tr>
</table></td><td>१२,७२,०००।-</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ७१/२०७५/२/३ | राजस्व परामर्श समितिको वैठक | १००० | ८ | ५००० | ३००० |
| १००/०७५/३/२१ | गा.पा. को सामाजिक विकास शाखाको वैठक भत्ता( २०७४।१०।३) | १०००.०० | ४५ | ३६०००.०० | ९०००.०० |
| ११२/०७५/३/२५ | वडा नं. १ बैठक भत्ता | १००० | २१० | १४०००० | ७०००० |
| ११३/०७५/३/२५ | वडा नं. २ बैठक भत्ता | १००० | २१० | १५०००० | ६०००० |
| ११५/०७५/३/२५ | वडा नं. ३ बैठक भत्ता | १००० | १७५ | १३०००० | ४५०००.०० |
| ११४/०७५/३/२५ | वडा नं. ४ बैठक भत्ता | १००० | २१० | १५०००० | ६०००० |
| १२८/०७५/३/२५ | वडा नं. ५ बैठक भत्ता | १००० | १८३ | १४५००० | ३८००० |
| | जम्मा | | | ९१८००० | ३५४००० |

| | | |
|---|---|---|
| ३४. | **बैंक बांकी मौज्दात :–**कार्यालयबाट पेश भएको एकिकृत आर्थिक विवरण अनुसार गत वर्षको मौज्दात अ.ल्या. गरेको देखिएन भने यो वर्षको आम्दानी रु.२४,००,५६,९८२।२१ भई खर्च रु.२१,७९,०४,९९८।११ भई श्रेस्तानुसार बांकी रहेको मौज्दात रु.२,२१,५१,९८४।१० को सम्बन्धमा कार्यालयबाट बैंक मौज्दातको बैंक स्टेटमेन्ट पेश नभएको तथा बैंक रिकन्सीलेशन तयार नगरेको कारण बांकी बैंक मौज्दात सम्बन्धमा यकिन गर्न सकिएन । साथै गत आर्थिक वर्षमा साबिक गाउं बिकास समितिहरुमा खर्च नभई बांकी मौज्दात रहे नरहेको सम्बन्धमा साबिक गाउं बिकास समितिको लेखापरीक्षण प्रतिबेदन तथा मौज्दात खुल्ने प्रमाण वा अभिलेख लेखापरीक्षणमा पेश नभएको कारण यकिन गर्न सकिएन । | |
| ३५. | **समानिकरणको खर्च :** समानिकरणको चालु, पूंजीगत र आन्तरिक श्रोत समेतमा कार्यालयबाट पेश भएको एकिकृत आर्थिक विवरणमा खर्च रु.१३,६४,५२,०३६।२८ उल्लेख भएकोमा बैंक नगदी किताब अनुसार रु.१३,०२,४८,२७८।०० मात्र देखिएकोले रु.६२,०३,७५८।२८ बढी खर्च उल्लेख गरेको कारण श्रेस्ता अनुसार बैंक मौज्दात सोही रकम बराबरले कम हुन आउने हुनाले सो सम्बन्धमा कार्यालयले हिसाब यकिन गरी मिलान गर्नुपर्ने रु.. | ६२०३७५८।२८ |
| ३६. | **सशर्त निकासा बांकीः–** सशर्त तर्फ निकासा रु.४,११,८८,५९८।९३ भएकोमा खर्च रु.३,२३,२४,४५०।८३ भई निकासा बांकी रहेको रु.८८,६४,१६८।१० संघिय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रु. | ८८६४१६८।१० |
| ३७. | **प्रशासनिक कार्यहरु** : कार्यालयबाट टिप्पणी स्वीकृत गर्ने,बोलपत्र स्वीकृत गर्ने लगायतका कार्यहरु गाउंपालिका अध्यक्षबाट हुने गरको समेत देखियो । योजनाहरुको अनुगमन गर्न गठित अनुगमन समितिका उपाध्यक्ष लगायतका सदस्यहरुबाट अनुगमन भएका योजनाहरुमध्ये अधिकांश योजनाहरुको अनुगमन प्रतिबेदनमा अनुगमन समितिका संयोजकको उपस्थिती रहेको अर्थात दस्तखत भएको पाईएन । तसर्थ गाउंपालिकाबाट सञ्चालित योजनाहरु तोकिए अनुसार कार्यान्वयन भए नभएको सम्बन्धमा यकिन हुन सकिएन । यस प्रकारको कार्यमा सुधार हुनुपर्दछ । | |
| ३८. | **बिद्युतिकरण :** गाउंपालिकाको वडा नं.१ देखि ६ वडासम्म ११ वटा टोलमा बिद्युतिकरण गर्नको लागि गाउंसभाबाट रु.३,१५,००,०००।०० बजेट बिनियोजन भए अनुसार बिद्युत पोल,तार लगायतका सामानहरु खरिद तथा जडान कार्य ११ वटा टोलमा गर्नको लागि रु.२,३७,८९,०२१।८० को लागत अनुमान नेपाल बिद्युत प्राधिकरण राजबिराज शाखाबाट तयार गरेको पाईयो । कार्यालयले ११ वटा टुक्रा गरी सिलबन्धि कोटेशन तथा बोलपत्रको माध्यमबाट ११ वटा निर्माण व्यवसायीसंग रु.२,३८,९४,७५३।२३ मा सम्झौता भए अनुसार अधिकांश निर्माण कार्य सम्पन्न गरी भुक्तानी भएको र केही निर्माण कार्य आर्थिक वर्षको अन्त्यसम्म बांकी रहेको देखिन्छ । उक्त बिद्युतिकरण कार्यको लागि १५ वटा ट्रान्सफरमर रु.८२,८९,४५४।०० मा खरिद गरेको र आर्थिक वर्षको अन्त्यसम्म जिन्सी खातामा बांकी मौज्दात देखिदा सो जडान भएको प्रमाण लेखापरीक्षणमा पेश हुन आएन । सिलबन्धि कोटेशन तथा बोलपत्रको माध्यमबाट निर्माण कार्य भएको सोही स्थानहरुमध्ये ५ वटा स्थानमा नपुग भएको जनाई बजेट बिनियोजन नै नभएको अवस्थामा समेत निर्माण व्यवसायीबाट ५ वटा टोलमा सिधैं निर्माण कार्य गराई रु.२१,०८,५२५।०० खर्च भएको देखिन्छ । गाउंपालिका कार्यालयले सम्पूर्ण वडा कार्यालयलहरुमा बिद्युतिकरण गर्न बिनियोजन रु.३,१५,००,०००।०० गरेकोमा आ.ब.२०७४।७५ मा कुल खर्च रु.३,४२,९२,७३२।२३ भएको हुदां बिनियोजन नभएको कार्यमा समेत खर्च भएको रु.२७,९२,७३२।२३ नियमसम्म देखिएन । कार्यालयले उक्त बिद्युतिकरण कार्यको सम्पूर्ण रुपमा एकमुष्ट लागत अनुमान तयार गरी एउटै प्याकेजमा बोलपत्रको माध्यमबाट निर्माण कार्य तथा खरिद गरेको अवस्थामा मितव्ययी हुन जानेतर्फ कार्यालयले ध्यान नदिएको कारण प्रशासनिक खर्चका अलावा निर्माण तथा खरिद कार्यमा खर्च बढ्न गई कार्यालयलाई बढी व्ययभार परेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन । | |
| ३९. | **बोलपत्र स्वीकृतिः–** गाउंपालिकाको वडा नं.५ रामनगरमा बिद्युतिकरण गर्न रु.६१,२०,३४१।१३ मू.अ.कर समेत को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट निर्माण कार्य गर्न दर्ता भएको ३ वटा बोलपत्रहरुमध्ये सबैभन्दा कम | ४४७४००।०० |

| | | |
|---|---|---|
| | कबोल गर्ने अनिल निर्माण सेवा बरमझियाले रु.५६,७२,०७४।४० मू.अ.कर समेतको बोलपत्र स्वीकृत नगरी सो भन्दा बढी कबोल गर्ने सन्तोष कन्स्ट्रक्सनको रु.६१,१९,४७४।४० मू.अ.कर समेत स्वीकृत गर्नुपर्नाको कारण पेश हुन आएन। तसर्थ बढी दरको बोलपत्र स्वीकृत गरी कार्यालयलाई थप व्ययभार पर्न गएको रु..... | |
| ४०. | **बिजक कमको पेश :** गाउंपालिकाको वडा नं.५ रामनगरमा बिद्युतिकरण गर्न सन्तोष कन्स्ट्रक्सनलाई गो.भौ.नं.३३।०७५।२।१७बाट रु.१२,२९,२५०।००प्रथम रनिङ्ग बिल भुक्तानी दिएकोमा रु.९,७४,९९९।९९ को मात्र बिजक पेश गरेको आधारमा भुक्तानी दिएको हुदां रु.२,५४,२५०।०० बिजक पेश नगरेको हुदां नियमसम्मत नभएको रु.............. | २५४२५०।०० |
| ४१. | **मू.अ.कर बिजकः–** मू.अ.कर नियमावली २०५३ को नियम ६ बमोजिम मू.अ.कर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने र सोही नियमावलीमा मू.अ.करमा दर्ता भएकाहरुले रितपूर्वकको मु.अ.कर बिजक जारी गर्नुपर्ने समेत व्यवस्था छ। कार्यालयले गाउंपालिकाको वडा नं.५ रामनगरमा बिद्युतिकरण गर्न सन्तोष कन्स्ट्रक्सनलाई गो.भौ.नं.३३।०७५।२।१७बाट रु.१२,२९,२५०।००प्रथम रनिङ्ग बिल मध्ये रु. ९,७४,९९९।९९ भुक्तानी दिएकोमा सो को मू.अ.कर बिजक रितपूर्वकको जारी नगरी बिजक नंबर केरमेट गरेको भएतापनि भुक्तानी भएको कारण भुक्तानी भएको मू.अ.कर रकम रु.१,१२,१६८।०० समायोजन भएको माण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु........ | ११२१६८।०० |
| ४२. | **मू.अ.कर असुल गर्नुपर्नेः–** गाउंपालिकाको वडा नं.५ रामनगरमा बिद्युतिकरण गर्न सन्तोष कन्स्ट्रक्सनलाई गो.भौ.नं.३३।०७५।२।१७बाट रु.१२,२९,२५०।०० प्रथम रनिङ्ग बिल भुक्तानी दिएकोमा रु.९,७४,९९९।९९ को मात्र बिजक पेश गरेको आधारमा भुक्तानी दिएकोले बिजक पेश नगरी भुक्तानी दिएको रु.२,५४,२५०।०० को मू.अ.कर रकम रु.२९,२५०।००असुल गरी राजस्व दाखिला हुनुपर्ने रु................... | २९२५०।०० |
| ४३. | **लागत अनुमान भन्दा बढीको स्वीकृतिः–**गाउंपालिकाको वडा नं.३ टिकुलियामा बिद्युतीकरणको लागि रु.१८,५२,२७७।९२ को लागत अनुमान स्वीकृत भएकोमा सिलबन्दि कोटेशनको माध्यमबाट खरिद कार्य गराउंदा नरसिंह कन्स्ट्रक्सनको रु.२०,८०,८३८।१७ को स्वीकृत भएको हुदां लागत अनुमान भन्दा बढी रु.२,२८,५६०।२५ को सिलबन्दि दरभाउपत्र स्वीकृत गरेको नियमसम्मत नभएको रु..................... | २२८५६०।२५ |
| ४४. | **कम रकमको बिजक पेशः** गाउंपालिकाको वडा नं.३ टिकुलियामा बिद्युतिकरण गर्न नरसिंह कन्स्ट्रक्सनलाई गो.भौ.नं.१६।०७५।१।२३ बाट रु.५,५०,७३२।००प्रथम रनिङ्ग बिल र गो.भौ.नं.१८०।२०७५।३।२४ बाट रु.१५,३०,०७६।०० अन्तिम बिल भुक्तानी दिएकोमा पहिलो बिलको रु. ५,५०,७३२।०० र अन्तिम बिलको रु.१,२४,३५१।७७ को बिजक पेश नगरेको भएतापनि प्राबिधिक बिल अनुसार सम्पूर्ण रकम भुक्तानी दिएको हुदां रु.६,७५,०८३।७५ बिजक पेश नगरेको हुदां नियमसम्मत नभएको रु............. | ६७५०८३।७५ |
| ४५. | **मू.अ.कर असुल गर्नुपर्नेः–** गाउंपालिकाको वडा नं.३ टिकुलियामा बिद्युतिकरण गर्न नरसिंह कन्स्ट्रक्सनलाई गो.भौ.नं.१६।०७५।१।२३ बाट रु.५,५०,७३२।०० प्रथम रनिङ्ग बिल र गो.भौ.नं.१८०।०७५।३।२४ बाट रु.१५,३०,०७६।०० अन्तिम बिल भुक्तानी दिएकोमा पहिलो बिलको रु. ५,५०,७३२।०० र अन्तिम बिलको रु.१,२४,३५१।७७ को बिजक पेश नगरेको भएतापनि प्राबिधिक बिल अनुसार सम्पूर्ण रकम भुक्तानी दिएको हुदां रु.६,७५,०८३।७५ बिजक पेश नगरेको हुदा भुक्तानी भएको मू.अ.कर रकम रु.७७,६६४।०० असुल गरी राजस्व दाखिला हुनुपर्ने रु.................. | ७७६६४।०० |
| ४६. | **प्राबिधिक प्रतिबेदनः–**गाउंपालिकाको वडा नं.१ देखि ६ वडासम्म ११ वटा टोलमा बिद्युतिकरण गर्नको लागि बिद्युत पोल,तार लगायतका सामानहरु खरिद तथा जडान कार्य ११ वटा टोलमा गर्नको लागि रु.२,३७,८९,०२१।८० को लागत अनुमान नेपाल बिद्युत प्राधिकरण राजबिराज शाखाबाट तयार गरी ११ वटा प्याकेज बनाई निर्माण कार्य गराएकोमा अधिकांश निर्माण कार्यको अन्तिम बिल भुक्तानी भएको भएतापनि सम्पन्न भएकोमध्ये केही निर्माण कार्यको कार्यसम्पन्न प्रतिबेदन तयार नगरेको, नापी किताबमा नापी भएको मिति उल्लेख नभएको, प्राबिधिक बिल तथा कार्यसम्पन्न तयार गरेकोमा सो समेत नेपाल बिद्युत प्राधिकरणका प्राबिधिकबाट तयार नगरी कार्यालयका असम्बन्धित प्राबिधिकबाट तयार गरेको देखिदां निर्माण भएको निर्माण कार्य गुणस्तरयुक्त भयो भएन भन्ने सम्बन्धमा कार्यालयले प्राबिधिक रुपमा पुष्टि नहुदै भुक्तानी दिएको पाईएकोले यस सम्बन्धमा कार्यालयले समयमै उचित ध्यान पुर्याउनु पर्दछ। | |
| ४७. | **धरौटी कट्टा नभएकोः–**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ को उपनियम ४ मा सम्झौता बमोजिमको रकम भुक्तानी गर्दा ५ प्रतिशत रिटेन्सन मनी कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले देहायमा उल्लेख गरिए अनुसारका निर्माण व्यवसायीहरुलाई निर्माण कार्य वापत रकम भुक्तानी गरेकोमा | २५१७४५।०० |

उल्लेखित व्यवस्था बमोजिमको धरौटी रकम कट्टा गरेको पाइएन ।

| गो.भौ.नं.र मिति | भुक्तानी रकम ( मू.अ.कर समेत) | ५ प्रतिशतले हुने धरौटी रकम | निर्माण कार्य र स्थान | निर्माण व्यवसायी | कैफियत |
|---|---|---|---|---|---|
| १६/०७५/१/२३ | ५५०७६२.०० | २४३७०.०० | वडा नं.३ टिकुलिया | नरसिंह कन्स्ट्रक्सन | |
| ३३/०७५/२/१७ | १२२९२५०.०० | ५४३९१.०० | वडा नं.५ रामनगर | सन्तोष निर्माण सेवा | |
| ९/०७५/१/२० | ६६७५८०.०० | २९५३९.०० | वडा नं.२ चन्ही | प्यासिफिक कन्स्ट्रक्सन | |
| १४/०७५/१/२३ | २९६६२५.०० | १३१२५.०० | वडा नं.४ बेल्ही | अमन निर्माण सेवा | |
| ११४/०७५/३/२० | १२०३८६२.०० | ५३२६८.०० | वडा नं.४ बेल्ही | अमन निर्माण सेवा | |
| ८/०७५/१/२० | ५०८२७५.०० | २२४९०.०० | वडा नं.१ मल्हनिया छोटकी टोल | शान्ति निर्माण सेवा | |
| ११२/०७५/२/२१ | ४४५४१८.०० | १९७०८.०० | वडा नं.२ पथराहाटोल | साह निर्माण सेवा | |
| २३/०७५/१/३० | ७८७६९६.०० | ३४८५४.०० | वडा नं.२ पथराहाटोल | साह निर्माण सेवा | |
| **जम्मा** | | **२५१७४५** | | | |

४८. **अग्रिम आयकर :** आयकर ऐन,२०५८ बमोजिम देहायका भुक्तानीमा अग्रिम आयकर कट्टा भएको नदेखिएकोले सम्बन्धितबाट असुल गरी राजस्व दाखिला हुनुपर्ने रु............ २२९१९।००

| गो.भौ.नं.र मिति | भुक्तानी रकम ( मू.अ.कर समेत) | १.५ प्रतिशतले हुने अग्रिम आयकर | निर्माण कार्य र स्थान | निर्माण व्यवसायी |
|---|---|---|---|---|
| १६/०७५/१/२३ | ५५०७६२.०० | ७३११.०० | वडा नं.३ टिकुलिया | नरसिंह कन्स्ट्रक्सन |
| ९/०७५/१/२० | ६६७५८०.०० | ८८६१.०० | वडा नं.२ चन्ही | प्यासिफिक कन्स्ट्रक्सन |
| ८/०७५/१/२० | ५०८२७५.०० | ६७४७.०० | वडा नं.१ मल्हनिया छोटकी टोल | शान्ति निर्माण सेवा |
| **जम्मा** | | **२२९१९** | | |

४९. **ट्रान्सफरमरको लागत अनुमान :–** गाउंपालिकाको वडा नं.१ देखि ६ सम्म बिद्युतिकरणको लागि सार्वजनिक रुपमा प्रकाशित फ्याक्ट्रीको दररेटमा १५ थान ट्रान्सफरमर खरिद कार्य उपभोक्ता समिति मार्फत गराउने गरी १५ थान ट्रान्सफरमरको लागत अनुमान रु.९३,३९,४५४।०० रहेकोमा उपभोक्ताले व्यहोर्ने रु.९,३३,९४५।०० कट्टा गरी रु.८४,०५,५०८।०० कार्यालयले व्यहोर्ने गरी सम्झौता भएकोमा गो.भौ.नं.१५२।०७५।३।२४ बाट रु.८२,८९,४५४।०० भुक्तानी भएको छ । सो ट्रान्सफरमर नेपाल एकारात ईन्जिनियरिङ्ग क.प्रा.ली.मार्फत सो को फ्याक्ट्री हेटौंडाबाट खरिद गरिएकोमा लागत अनुमानमा ढुवानी १५ थानको प्रति थान रु.५५,०००।०० र लोडअनलोडको प्रति थान रु.१५,०००।०० का दरले क्रमश रु.८,२५,०००।०० र रु.२,२५,०००।०० गरी जम्मा रु.१०,५०,०००।०० लागत अनुमान तयार गरेकोमा सो को दर बिश्लेषण लेखापरीक्षणमा पेश नभएको हुदां प्रमाण पेश हुनुपर्ने रु................. १०५००००।००

५०. **बढी भुक्तानीः–** वडा नं.१ नयां टोल मल्हनियामा पोल खरिद तथा जडान कार्यको लागि रु.१०,५१,४२८।४८ को लागत अनुमान तयार गरी सिलबन्दि कोटेशनको माध्यमबाट छनौट भएको गणेश कन्स्ट्रक्सनसंग रु.१०,५०,५८६।६१ भुक्तानी दिने गरी सम्झौता भएकोमागो.भौ.नं.१६२।०७५।३।२४ बाट रु.४,८४,६६५।०० र गो.भौ.नं.१७९।०७५।३।२९ बाट रु.५,९८,४६१।०० गरी जम्मा रु.१०,८३,१२६।०० भुक्तानी दिएकोले सम्झौता भन्दा बढी भुक्तानी दिएको रु.३२,५३९।३५ असुल गर्नुपर्ने रु................ ३२५३९।३५

५१. **ट्र्याक्टर खरिद :** कार्यालयले ट्र्याक्टर खरिद कार्य सिलबन्दि कोटेशनबाट छनौट भएको उषा ईन्टरप्राईजेज राजबिराजबाट गराई गो.भौ.नं.१५५।०७५।३।२४ बाट रु.१३,५४,०००।०० भुक्तानी दिएकोमा प्राबिधिक मूल्यांकन प्रतिबेदन पेश नभएको,आर्थिक प्रस्ताव र प्राबिधिक प्रस्ताव स्वीकृतिको सूचना पत्रिकामा प्रकाशन नभएको, मुचुल्का पेश नभएको, मूल्यांकन समितिको निर्णय पेश नभएको साथै जिन्सी आम्दानी समेत बांधेको पाईएन । १३५४०००।००

५२. **मोटरसाइकल खरिदः–**कार्यालयले ८ वटा मोटरसाइकल र २ वटा स्कुटर क्याटलग बिधिको माध्यमबाट सन्जिब श्रवण अटो सेन्टर मिर्चैया, सिराहाबाट खरिद गरी गो.भौ.नं.१०।०७५।१।२० बाट रु.२५,२५,५००।०० भुक्तानी दिएको छ । ति

साधनहरु खरिद गर्नको लागि शुरुमा तयार गरेको स्पेशिफिकेशन १९ आइटमको रहेको र लागत अनुमान रु.२,७०,०००।०० र पुन अर्को स्पेशिफिकेशन १५ आइटम भएको तयार गरी लागत अनुमानमा बृद्धि गरी रु.२,८०,०००।०० बनाएको र सोही अनुसार खरिद गरेको पाईयो । स्पेशिफिकेशनमा तयार तथा प्रमाणित गरेको मिति उल्लेख नभएको कारण सामान खरिद पूर्ब वा सामान खरिद पश्चात स्पेसिफीकेसन बनेको हो पुस्ट्याई गर्ने आधार नहुनुको अतिरिक्त सो साधनहरु खरिद गर्दा प्राबिधिक मूल्यांकनको प्रतिबेदन,मूल्यांकन समितिको सिफारिस,आर्थिक प्रस्तावको सार्वजनिक सूचना लगायतका प्रमाणहरु लेखापरीक्षणमा पेश हुन नआएबाट खरिद प्रक्रियाका नियमसम्मत रहेको भन्न सकिने आधार भएन ।

५३. **औषधी खरिदः–**कार्यालयले सिलबन्दिको माध्यमबाट जनआर्शिवादबाट औषधी खरिद गरी समानिकरण पूंजीगतको गो.भौ.नं.९७०७५।३।१४ बाट रु.१०,००,०००।०० र सशर्त स्वास्थ्यबाट रु.३,७०,०००।०० गरी जम्मा रु.१३,७०,०००।०० भुक्तानी दिएकोमा कार्यालयले सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम लागत अनुमान तयार नगरी खरिद कार्य गरेको,सिलबन्दि कोटेशनबाट छनौट भएको जनआर्शिवादसंग सम्झौता गर्दा सम्झौतामा मिति,रकम नखुलाईएको,सम्झौतामा सप्लायर्सको दस्तखत र छाप नभएको र कार्यादेशमा औषधीको विवरण उल्लेख गरेको पाईएन । यसरी खरिद गरिएका अधिकांश औषधीहरु जिन्सी खातामा आम्दानी नजनाएको,आम्दानी जनाएका औषधीहरु पनि निकासी जनाएकोमा निकासीको विवरण तथा स्वास्थ्य संस्थाहरुले दाखिला गरेको प्रमाण अध्याबधिक गरी राखेको छैन । तसर्थ लागत अनुमान तयार नगरी औषधी खरिद गरेको नियमसम्मत नभएको रु...... १३७००००।००

५४. **सभाबाट बिनियोजन नभएका योजना :–** गाउंपालिकाले गाउंसभाबाट बजेट बिनियोजन गरी तोकिएका बिकास निर्माणका योजना तथा बिभिन्न कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरी आम उपभोक्ताहरुको सहभागीता र उपभोक्ताको जनश्रमदान समेत समाबेश गरी सो योजनाको स्वामित्व उपभोक्ताहरुले लिने गरी गर्नु गराउनुपर्नेमा गाउंपालिका कार्यालयले गाउंसभाबाट पारित नभएका देहायका योजनाहरुमा समेत खर्च गरेको देखिदां बिकास निर्माण तथा बिभिन्न कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन नहुने, आवाश्यकता र मागको आधारमा भन्दा पहुंच र सम्पर्कको आधारमा बजेट उपलब्ध गराई योजना कार्यान्वयन गरिदां निर्माण हुने कार्यमा गुणस्तरीय रुपमा सम्पन्न भई उपभोक्ताहरुको योगदान नरहनुको साथै गलत परिपाटीको बिकास हुन जानेतर्फ कार्यालयले उचित ध्यान दिई यस कार्यमा नियन्त्रण हुनुपर्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार यसका केही उदाहरणहरु निम्नानुसार छन ।

| सि.नं. | योजनाको नाम | वडा नं. | बिनियोजन तथा खर्च रकम |
|---|---|---|---|
| १ | अधुरो खीदासको मन्दीर निर्माण | १ | ५००००० .०० |
| २ | श्री सल्हेश उ.स | १ | ५००००० .०० |
| ३ | गंगा कन्स्ट्रक्सन | १ | ५००००० .०० |
| ४ | श्री वावा सल्हेश मन्दीर मर्मत तथा मुर्ति निर्माण उ.स | २ | ५००००० .०० |
| ५ | श्री वावा डिहबाट उ.स. विधिया तिनकोनियाँमा माटो काम भएको | २ | ४००००० .०० |
| ६ | नव दिप उ.स. समिति कमलदहा | १ | १०००००० .०० |
| ७ | जल कल्याण उ.स. समिति चन्ही | २ | ८५१००० .०० |
| ८ | माटो तथा ग्रटमेल निर्माण उ.स | ३ | ६००००० .०० |
| ९ | माँ दुर्गा उ.स. मौवाहा | ३ | ८००००० .०० |
| १० | वा डिहवाट उ.स वडा ४ | ४ | १२००००० .०० |
| ११ | कल्भर्ट निर्माण उ.प. समिति | ३ | ४००००० .०० |
| १२ | धाँवा सडक निर्माण उ.स | ६ | २५००००० .०० |
| १३ | Santa Baba House contruction | १ | ५००००० .०० |
| १४ | Santa Baba House contruction | ३ | ६००००० .०० |
| १५ | ग्रामीण विद्युतीकरणकार्य नयाँ टोल | १ | ५००००० .०० |
| १६ | ग्रामीण विद्युतीकरणकार्य घाटीकी टोल मल्हानियाँ | १ | ५००००० .०० |
| १७ | ग्रामीण विद्युतीकरणकार्य पथराहा टोल | २ | ५००००० .०० |
| १८ | ग्रामीण विद्युतीकरणकार्य दुधैला टोल | ३ | ५००००० .०० |
| १९ | ग्रामीण विद्युतीकरणकार्य वेल्ही | ४ | ५००००० .०० |
| २० | Transformer खरिद गरेको कार्य १५ थान | वलान विहुल | ८२८९४५४ .०० |

| | | | |
|---|---|---|---|
| | | गा.पा. मल्हनियाँ सप्तरी १ देखि ६ वडा सम्मको | |
| २१ | वडा नं. ४ पि.पि.स सडक ढलान | ४ | ५००००0.00 |
| २२ | वडा नं. ४ पि.पि.स. सडक ढलान | ४ | ५००००0.00 |
| २३ | मझधितको ढलान | ४ | ५००००0.00 |
| | | **जम्मा** | **२३१४०४५४.००** |

५४.१ **अधुरो योजना:–**कार्यालयबाट प्राप्त विवरण अनुसार यो आर्थिक वर्षमा सम्झौता गरी निर्माण कार्यको चरणमा रहेको वा बजेट बिनियोजन भई सकेका योजनाहरु राजनितीक कारण,विवाद आदी कारणले तोकिएको समयमा वा सम्झौता नै हुन सकेको देखिएन । तसर्थ योजना छनौट गर्दा गाउं टोलस्तरमा व्यापक जनसहभागिता गराई सोही भेलाबाट छनौट भई वडा कार्यालय मार्फत पेश भएका दिर्घकालिन रुपमा प्रतिफल दिने खालका योजनाहरु छनौट गरी गाउंसभाको निर्णयानुसार बजेट बिनियोजन गर्ने र सभाबाट पारित भएका योजनाहरु मात्र कार्यान्वयन गर्ने परिपाटीको बिकास गर्नुपर्दछ । यस सम्बन्धि केही उदाहरणहरु निम्नानुसार छन ।

| गो.भौ.नं.र मिति | भुक्तानी रकम | योजनाको नाम | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| ४४/०७५/२/२१ | ७११२३२.०० | वडा नं.६ रौतहटमा बिद्युतिकरण | १९६३८९२.०० | २०७४/१२/२१ | २०७५/२/५ | पोल गाडेको स्थानको विवाद |
| ३५/०७५/२/१७ | ६४९९०७.०० | वडा नं.२ दिघिया टोल दक्षिणमा बिद्युतिकरण | १६४९५५७.०० | २०७४/१२/२१ | २०७५/१२/५ | पोल गाडेको स्थानको विवाद |
| ११८/३/२० | ४७६७४७.०० | | | | | |
| ०० | ०० | वडा नं.६ मा दिनाराम दिनाभरी मन्दिर घाट ढलान | | | | राजनैतिक बिवादले सम्झौता नभएको |
| ६४/०७५/३/४ | ४०१२१६.०० | बिजली महरानघाटदेखि डमर ढलान वडा नं.६ | | | | राजनैतिक बिवादले सम्झौता नभएको |
| ०० | ०० | वडा नं.६ मा सेहरा अधुरो सामुदायिक भवन निर्माण कार्य | | | | राजनैतिक बिवादले सम्झौता नभएको |

५५. **दिना भद्री थानदेखी रत्न सदाको घरसम्म माटो र ग्राभेल :–**वडा नं.१ मा पर्ने यस सडकमा माटो तथा ग्राभेल कार्यको लागि गाउंसभाबाट बजेट बिनियोजन नभएको अवस्थामा गाउंपालिकाबाट रु.१०,००,०००।०० बजेट व्यवस्था गरी लागत अनुमान रु.१०,७७,७४८।८३ तयार गरी उपभोक्ताले १० प्रतिशतले हुने रु.१,०७,७७४।०० जनश्रमदान गर्ने र कार्यालयले रु.९,७०,०००।०० व्यहोर्ने गरी लागत अनुमान तयार भएको र उपभोकताबाट निर्माण कार्य गराई गो.भौ.नं.१३०।०७५।३।२१ बाट रु.९,७०,०००।०० भुक्तानी दिएको छ । उपभोक्तासंग भएको सम्झौतामा उपभोक्ता र कार्यालयले व्यहोर्ने रकम नखुलाएको,भुक्तानी टिप्पणीमा योजना फांट र टिप्पणी सदर गर्ने अध्यक्षको दस्तखत नभएको,निर्माण कार्य मूल्यांकन बिल र नापी किताबमा नापी मिति उल्लेख नगरेको,ग्राभेल रु.४,५०,०००।०० र माटो रु.३,००,०००।०० खरिद गरेकोमा खरिद परिमाण र दर नखुलाई एकमुष्ठ भरपाई पेश गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखिएकोले निर्माण कार्य तोकिएको गुणस्तर तथा लागत अनुमान बमोजिम भएको भन्न सकिने आधार प्रमाणबाट नखुल्ने हुदां यस प्रकारको कार्यमा कार्यालयले सुधार गर्नुपर्दछ ।

५६. **वडा नं.१ थलाहादेखि मुनिलाल माटो फिलिङ्ग :** यस गाउंपालिकाको वडा नं.१ मा पर्ने थलाहा सिमादेखि मनीलाल सल्हैताको घरदेखि दक्षिणपट्टी वासुदेव हुवारा हुदै हजारा घरसम्म माटो फिलिङ्ग कार्य गर्न बिनियोजित बजेट रु.९,००,०००।०० भएकोमा सो कार्य एउटै सडक भएको भएतापनि कार्यालयले २ टुक्रा बनाई दुई लागत अनुमान तयार गरी २ वटा निर्माण व्यवसायीहरु मां जाल्पा निर्माण सेवा मल्हनीयालाई गो.भौ.नं.१६४।०७५।३।२५ बाट रु.४,४०,२९४।०० र ज्योति निर्माण सेवा छिन्नमस्तालाई गो.भौ.नं.१६३।०७५।३।२५बाट रु.४,४०,२९४।०० गरी जम्मा रु.८,८०,५८८।०० भुक्तानी तथा खर्च गरेको छ । यसरी एउटै निर्माण कार्य २ वटा निर्माण व्यवसायीबाट गराएको र सो कार्य एउटै प्याकेज बनाएर सोही अनुसार सिलबन्दि कोटेशनको माध्यमबाट गराएको अवस्थामा मितव्ययी र गुणस्तरीय हुनेतर्फ कार्यालयले ध्यान दिएको पाइएन । यस तर्फ कार्यालयले समयमै सुधार हुनुपर्दछ ।

५७. **मल्हनिया स्कुलदेखि ठाकुरपोखरी हुदैं बासदेव भद्रेश्वर घरसम्म माटो तथा ग्राभेल र ह्यूमपाइप :–** गाउंपालिकाबाट रु.४,००,०००।०० बजेट बिनियोजन गरी लागत अनुमान रु.४,३१,१२१।११ तयार गरी उपभोक्ताले १० प्रतिशतले हुने रु.४३,११२।०० जनश्रमदान गर्ने र कार्यालयले रु.३,८८,०००।०० व्यहोर्ने गरी लागत अनुमान तयार भएको र उपभोकताबाट निर्माण कार्य गराई गो.भौ.नं.११०।०७५।३।१९ र गो.भौ.नं.४१।०७५।२।२० बाट रु.३,८८,,०००।०० भुक्तानी दिएको छ । उपभोक्ताको निर्माण कार्य मूल्यांकन बिल र नापी किताबमा नापी मिति उल्लेख नगरेको,ग्राभेल रु.३,६५,,०००।०० र माटो रु.४०,३००।०० खरिद गरेकोमा खरिद परिमाण र दर नखुलाई एकमुष्ठ भरपाई पेश गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखिएकोले निर्माण कार्य तोकिएको गुणस्तर तथा लागत अनुमान बमोजिम भएको भन्न सकिने आधार प्रमाणबाट नखुल्ने हुदां यस प्रकारको कार्यमा कार्यालयले सुधार गर्नुपर्दछ ।

५८. **चिकनी डबरी सडक स्तरोन्नतिः–** गाउंपालिकाबाट रु.१०,००,०००।०० बजेट बिनियोजन गरी लागत अनुमान तयार गरी सम्झौतामा कुल लागत अनुमान रु.१०,७७,७९२।७६ मा उपभोक्ताले हुने रु.७७,७९२।७६।०० जनश्रमदान गर्ने र कार्यालयले रु.१,००,,०००।०० व्यहोर्ने गरी सम्झौता भए अनुसार उपभोकताबाट निर्माण कार्य गराई गो.भौ.नं.५०।०७५।२।२५ बाट रु.५,६९,३९०।०० र गो.भौ.नं.११७।०७५।३।२० बाट रु.४,००,११०।०० गरी जम्मा रु.९,७०,०००।०० भुक्तानी दिएको छ । उपभोक्ताको निर्माण कार्य मूल्यांकन बिल र नापी किताबमा नापी मिति उल्लेख नगरेको,ग्राभेल खरिद गरेकोमा खरिद परिमाण र दर नखुलाई एकमुष्ठ भरपाई पेश गरेको, उपभोक्ताको जनश्रमदान ७ प्रतिशत मात्र रहेको आधारमा कार्यालयले भुक्तानी दिएको देखिएकोले निर्माण कार्य तोकिएको गुणस्तर तथा लागत अनुमान बमोजिम भएको भन्न सकिने आधार प्रमाणबाट नखुल्ने हुदां यस प्रकारको कार्यमा कार्यालयले सुधार गर्नुपर्दछ ।

५९. **कुसुमको घरदेखि डिहवार मेनरोड देखि देवनको घर हुदैं दिनाराम भद्रीसम्म ढलानः–**वडा नं.५ मा पर्ने यस सडकमा ढलान कार्यको लागि गाउंसभाबाट बजेट रु.१७,५०,०००।०० बिनियोजन गरी लागत अनुमान रु.१८,८७,८८०।७५ तयार गरी उपभोक्ताले १० प्रतिशतले हुने रु.१,८८,६८८।०८ जनश्रमदान गर्ने र कार्यालयले रु.१७,५०,०००।०० व्यहोर्ने गरी लागत अनुमान तयार भए अनुसार उपभोक्ता समितिसंग सम्झौता भएको पाईयो । उपभोकताबाट निर्माण कार्य गराई गो.भौ.नं.१४९।०७५।३।२२ बाट रु.१६,९७,५००।०० भुक्तानी दिएको छ । उपभोक्तालाई भुक्तानी टिप्पणीमा टिप्पणी सदर गर्ने अध्यक्षको दस्तखत नभएको,निर्माण कार्य मूल्यांकन बिल र नापी किताबमा नापी मिति उल्लेख नगरेको,ग्राभेल र माटो खरिद गरेकोमा खरिद परिमाण र दर नखुलाई एकमुष्ठ भरपाई पेश गरेको तथा कन्हैया ईट्टा उद्योग मल्हनीया वडा नं.३ सप्तरीबाट ईटा खरिद गरेकोमा सो ईटा उद्योगको मू.अ.कर बिजकमा बिजक नं. उल्लेख नगरेकोआधारमा कार्यालयले भुक्तानी दिएको देखिएकोले निर्माण कार्य तोकिएको गुणस्तर तथा लागत अनुमान बमोजिम भएको भन्न सकिने आधार प्रमाणबाट नखुल्ने हुदां यस प्रकारको कार्यमा कार्यालयले सुधार गर्नुपर्दछ ।

६०. **डि.पि.आर.खर्च :–** कार्यालयले देहाय अनुसारका बिभिन्न सडकहरुको डि.पी.आर सिधैं गराई यो वर्ष रु.९,२१,७४०।४२ खर्च लेखांकन गरेको छ । बिभिन्न सडकहरुको डि.पि.आर तयार गर्न कार्यक्रम स्वीकृत भए नभएको लेखापरीक्षणमा पेश भएन । यसरी कार्यालयले यो कार्य कार्यालयमा कार्यरत कर्मचारी मार्फत गराई मितव्ययीता अपनाउनुपर्नेमा सो गरेको पाईएन । बिभिन्न परामर्शदाताहरुबाट सो कार्य गराएकोमा डि.पि.आरको प्रतिबदेन पेश भएको र जिन्सी दाखिला समेत भएको देखिएन । कार्यालयले यस वर्ष उल्लेखित बिभिन्न सडकहरुको डि.पि.आर गराएकोमा सो डि.पि.आरको नर्म्स डोलिडारको आधारमा १० कि.मी.को आधारमा हिसाब गरी प्रति कि.मि.को आधारमा लागत अनुमान तयार गरेको सो लागत अनुमानमा दर कायम गरिएकोमा सो दर गणना गरीएको बिस्तृत परिमाण तथा दर बिश्लेषण लेखापरीक्षणमा पेश भएन ।

| गो.भौ.नं.र मिति | भुक्तानी रकम ( मू.अ.कर समेत) | भुक्तानी भएकोमा प्रति कि.मि.दर( मू.अ.कर बाहेक) | डि.पि.आर गरेको कि.मि. | परामर्शदाताको नाम | सडकको नाम |
|---|---|---|---|---|---|
| २७/०७५/२/२ | ४००४७६.६० | ४२३५४.०० | ८.७५ | Remote area development Engineering consultancy | वडा नं.५ र ६ को रामनगर र रौतहट |
| २७/०७५/२/२ | २९१२७६.८२ | ४०७२१.५० | ६.३३ | Rim Engineering consultancy | वडा नं.३ महुवा टोल |
| २७/०७५/२/२ | २२९९८७.०० | ४१४११.५० | ४.९७ | S.S.M.S.Geo Lab Pvt.Ltd Sanepa | वडा नं.१ र २ मल्हनीया र चन्ही |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | ९२१७४०.४२ | | | | |

६१. **ट्यूवेल र स्यालो बोरिङ्ग जडान :** देहायमा उल्लेख गरिए अनुसार ट्यूबेल र स्यालो बोरिङ्ग जडान कार्यको प्राबिधिक बिल तथा नापी किताब अनुसार उपभोक्ताको योगदान समेत समाबेश गरी उपभोक्ताहरुलाई भुक्तानी दिएकोमा जडान भएको स्थान बिस्तृत नापीमा खुलाएको देखिएन । तसर्थ उपभोक्ताहरुलाई भुक्तानी दिएको रकम बराबरको ट्यूबेल तथा स्यालो बोरिङ्ग कहां कहां जडान भएको हो सो खुल्ने प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु. २४५२४९३।४६

| गो.भौ.नं.र मिति | ट्यूबेलको भुक्तानी | ट्यूबेल संख्या | स्यालो बोरिङ्गको भुक्तानी | स्यालो बोरिङ्गको संख्या | योजना र स्थान |
|---|---|---|---|---|---|
| १४६/०७५/३/२२ | २९९७०२.९९ | १२ | ४०७३९९.०० | १० | वडा नं.४ बेल्ही |
| १४४/०७५/३/२० | ३७४६६२.०० | १५ | ४०७३९९.०० | १० | वडा नं.१ मल्हनीया |
| १२४/०७५/३/२० | ४७४५३०.४७ | १९ | ४८८८००.०० | १० | वडा नं.२ चन्ही |
| **जम्मा** | **११४८८९५.४६** | **४६** | **१३०३५९८** | **३०** | |

६२. **स्यालो बोरिङ्ग जडानमा बढी भुक्तानी :–** गाउंपालिकाको वडा नं.२ चन्हीमा १० वटा स्यालो बोरिङ्ग जडान वापत प्रति स्यालो बोरिङ्गको रु.४५,२६२।३५ का दरले रु.४,५२,६२३।५० मा उपभोक्ताको जनश्रमदान १० प्रतिशतले रु.४५,२६२।३५ कट्टा गरी रु.४,०७,३६१।१५ भुक्तानी दिनुपर्नेमा रु.४,८८,८००।०० गो.भौ.नं.१२४।०७५।३।२० बाट भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.८१,४३८।६५ असुल हुनुपर्ने रु.... ८१४३८।६५

६३. **मू.अ.कर बिजक : –** मू.अ.कर नियमावली २०५३ को नियम ६ बमोजिम मू.अ.कर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने र सोही नियमावलीमा मू.अ.करमा दर्ता भएकाहरुले रितपूर्वकको मु.अ.कर बिजक जारी गर्नुपर्ने समेत व्यवस्था छ । कार्यालयबाट बिभिन्न योजनाहरुको निर्माण कार्य उपभोक्ताहरुबाट गराउदां अधिकांश उपभोक्ताहरुबाट ईटा खरिद कन्हैया ईटा उद्योग,मल्हनीया वडा नं.३ सप्तरीको करदाता नं.६००४७४३३१ रहेकोमा सो ईटा उद्योगले मू.अ.कर बिजक जारी गरेको भएतापनि कर बिजकमा मू.अ.कर बिजक नं.उल्लेख गरेको नपाईएकोले कार्यालयबाट उपलब्ध गराईएको विवरण अनुसार यो वर्ष सो ईटा उद्योगलाई बिभिन्न कर बिजकबाट मू.अ.कर रु.२,०४,३८२।०० समेत जम्मा रु.१७,७६,५४७।०० भुक्तानी दिएकोले मू.अ.कर रकम असुल हुनुपर्ने रु.................... २०४३८२।००

६४. **अनुगमन भत्ता बुझिलिन बांकी :–** स्वास्थ्य संयोजक मो.नसिम राईन माफर्तत गो.भौ.नं.७६।०७५।३।१० बाट रु.३,६९,०००।०० बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन सम्बन्धमा अनुगमन वापत उपाध्यक्षयले बुझिलिन बांकी रहेको रु.४,०००।०० सम्बन्धितबाट असुल दाखिला हुनुपर्ने रु.................. ४०००।००

६५. **योजना कार्यान्वयन अवस्था : –** नगरपालिकाबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिहरुबाट कार्यान्वयन भएको देखिन्छ । उपभोक्ताबाट सञ्चालन गरिने योजनाहरु स्वयम उपभोक्ताहरु उपस्थित भई उपभोक्ताहरुको श्रम,सिप भएका कामहरु सञ्चालन गर्ने कानूनी व्यवस्था रहेको अवसथामा सम्पूर्ण योजनाहरु जस्तै भवन निर्माण,सडक ढलान जस्ता बिशिष्ठ शिप आवाश्यक पर्ने योजनाहरु समेत उपभोक्ताबाट गराएको पाईयो । उपभोक्ताबाट सञ्चालित योजनहरु अधिकांशमा सम्झौताको सर्त प्रचलित नियम बमोजिम योजनामा भएको आय व्ययको अनुमोदन सहितको निर्णय,उपभोक्ता र अनुगमन समिति सहित लाभान्वित वर्ग समेतको भेलाबाट भएको सार्वजनिक लेखा परीक्षण भएको र योजना सम्पन्न भएपछि कार्यालयबाट जांचपास गरी फरफारकको प्रमाणपत्र लिएको समेत देखिएन । केही योजनाहरुको सम्झौता फारममा सम्पूर्ण व्यहोराहरु खुलाई सम्झौता फाराम भरेको समेत देखिएन । साथै कार्यालयले वर्षभरी सञ्चालित योजनाहरुको लागत अनुमान,बजेट,खर्च,निर्माण कार्यको विवरण खुल्ने गरी लगत अभिलेख समेत राखेको पाईएन । यसरी लगत राखेको अवस्थामा पुन आगामी वर्ष सोही योजनाहरुमा निर्माण कार्यमा दोहोपना हुनबाट रोकिन जाने अवस्था हुने हदां कार्यालयले सञ्चालित योजनाहरुको अभिलेख राख्नेतर्फ ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

६६. निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)(२) अनुसार निजामती तर्फका कर्मचारहरुको तलवी प्रतिवेदन सम्वन्धित निजामती किताबखातावाट गराई मात्र खर्च लेख्नुपर्नेमा बार्षिक तलव रु ८८९९७८२।२० को र स्थानिय निकाय तर्फका कर्मचारीहरुको तलव

| | | |
|---|---|---|
| | सम्वन्धित निकायवाट पारित गराई खर्च लेर्ख्नुपर्नेमा मासिक तलब (२०७५ असाारमा) रु. १२,६९,९४४।- खर्च लेखेकोमा ( बार्षिक तलब खर्चको फांटवारी पेश भएको छैन) । तलवी प्रतिवेदन पारित गराई तलब खर्च  लेखेको पाईएन । | |
| ६७. | **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार ५ लाख भन्दा बढीको मालसामान वा परामर्श सेवा खरिद गर्दा वा नियम ८४(१) अनुसार सार्वजनिक निकायले स्विकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान वा निर्माण कार्य जुन सकै वेला ऐनको दफा ४० वमोजिम सिलवन्दी दर भाउपत्र आह्वन गरी खरिद गर्न सक्ने छ । साथै नियम ८५(१) ख अनुसार एक आर्थिक वर्षका एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने उल्लेख भएकोमा निम्नानुसार गो.भौ.नं. तथा मितिबाट टुक्रा टुक्रा पारि एक आ.व.मा सिमा नाग्ने गरी सिलबन्दी दरभाउ पत्रबाट नगरी सिधै खरिद गरेको अनियमित देखिएकोले नियमित देखिएन । | |

| गो.भौ.नं. मिति | फर्म वा विक्रेता | मिति | विवरण | रकम |
|---|---|---|---|---|
| ६५/०७५/१/२० | एकता ट्रडर्स एण्ड सप्लायर्स राजविराज | ०७५/१/१२ | अफिस सामान | १२१४५०.०० |
| ६५/०७५/१/२० | एकता ट्रडर्स एण्ड सप्लायर्स राजविराज | ०७५/१/१५ | अफिस सामान | ९०६१४.०० |
| ६५/०७५/१/२० | एकता ट्रडर्स एण्ड सप्लायर्स राजविराज | ०७५/१/१५ | अफिस सामान | १३०९१०.०० |
| ६५/०७५/१/२० | एकता ट्रडर्स एण्ड सप्लायर्स राजविराज | ०७५/१/१६ | अफिस सामान | ११५२७१.०० |
| ६५/०७५/१/२० | एकता ट्रडर्स एण्ड सप्लायर्स राजविराज | ०७५/१/१६ | अफिस सामान | ५२८८४.०० |
| ६५/०७५/१/२० | एकता ट्रडर्स एण्ड सप्लायर्स राजविराज | ०७५/१/१६ | अफिस सामान | ३२५७५०.०० |
| ६५/०७५/१/२० | एकता ट्रडर्स एण्ड सप्लायर्स राजविराज | ०७५/१/१६ | अफिस सामान | २०१४२२.०० |
| ६५/०७५/१/२० | एकता ट्रडर्स एण्ड सप्लायर्स राजविराज | ०७५/१/१६ | अफिस सामान | ६८०२६.०० |
| ११९/०७५/३/२५ | एकता अपसेट प्रेस राजविराज ३ | ७६/०७५/३/२२ | अफिस सामान, फाइल, टिप्पनी | ३१४८१८.०० |
| ११९/०७५/३/२५ | एकता अपसेट प्रेस राजविराज ३ | ०७५/३/२४ | लेतर प्याड भ्रमण भत्ता विल | ३३४५९३.०० |
| १२०/०७५/३/२६ | एकता अपसेट प्रेस राजविराज ३ | ७६/०७५/३/२२ | फाइल व्याग | ६२९९७.०० |
| ११८/०७५/३/३० | सुन्दर कन्स्ट्रक्सन | | वडा नं.२ दिघिया दक्षिण | ४८३१६०.०० |
| १३२/०७५/३/२० | महेश निर्माण सेवा | | वडा नं.३ दुधैला | ३२६७९४.०० |
| १३३/०७५/३/२० | अभिशेष निर्माण सेवा | | वडा नं.३ दुधैला | ४०२६७०.०० |
| १४३/०७५/३/२२ | वैभव बिराट निर्माण सेवा | | वडा नं.१ छोटकी टोल | ४५०१८०.०० |
| १७२/०७५/३/२४ | साह निर्माण सेवा | | वडा नं.२ पथराटोल | ४४५७२१.०० |
| १००/०७५/३/१७ | गायत्री निर्माण सेवा | | जगधर यादवको घरदेखि खेतसम्म ग्राभेल | ४९४५३१.०० |
| १०२/०७५/३/१७ | ओम कन्स्ट्रक्सन | | वडा नं.१ सिराहा रोडदेखि जगधर यादवको घरसम्म ग्राभेल | ४९४५३१.०० |
| १०४/०७५/३/१८ | चन्द्र निर्माण सेवा | | वडा नं.४ कुशाहा बेल्ही रोडदेखि पश्चिम सखजित ठाकुरघरसम्म माटो | ४८९२३१.०० |
| १३१/०७५/३/२० | लहान कन्स्ट्रक्सन प्रा.ली. | | सरबजित ठाकुरको घरदेखि दुधैलासम्म ग्राभेल | ४९००००.०० |
| | | | **जम्मा** | **५८९५५५३.००** |

| | | |
|---|---|---|
| ६८. | ४२।०७४।१२।१५ बाट कार्यक्रम खर्च भनि रु २०००००।०० खर्च लेखेकोमा अंजली होटेलको विल जोड जम्मा बाट रु १८६६७५।० मात्र भएकोले विल वेगरको विविध खर्च लेखेको देखिएको छ । | १३३२५।०० |
| ६९. | ८९।०७५।२।२२ बाट राजेश्वरी आधारभुत विद्यालय वडा नं ३ लाई २०७४।१२।९ को गाउँ सभावाट निर्णय अनुसार प्रशासनिक खर्च तर्फको शि.नं. २८९११।०० को भैपरि आउने चालु खर्च वाट प्रशासनिक खर्च अन्तरगत कै खर्च शि.नं. २५३११।०० शैक्षिक संस्थाहरुलाई नयाँ खर्च शिर्षक कायम गरी २०७४।२।१७ को कार्य पालिकाको बैठक वाट पारित गरी नि.मा.वि तह संचालनार्थ २०७४ श्रावण देखि २०७५ आषाढसम्मको तलव र चाडपर्व खर्च भुक्तानी गर्न रु ४१६०००।०० चाहिने मध्ये पहिलो पटक रु ३८४०००र गो.भौ.नं.१०१।२०७५।३।२२ बाट रु.३२,०००।-गरी रु ४,१६,०००।- निकासा दिएकोमा अनुदान प्राप्त तलवी भरपाई अनुसार रु ३८०१६०।०० र रु. ३२,०००।- गरी रु. ४,१२,१६०।- मात्र हुने हुदा नपुग भपाई रु ३८४०।०० उक्त विद्यालय वाट असुल गर्नुपर्ने दखिएको रु | ३८४०.०० |
| ७०. | मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को दफा ६(क) अनुसार कर विजक विलमा १३ प्रतिशत मु.अ.कर समेत थप थप गरी भुक्तानी दिदा सम्वन्धित आ.रा. कार्यालयमा जानकारी दिनुपर्नेमा जानकारी दिएको नदेखिएकोले निम्नानुसार भ्याट विलको सामान | |

| | | |
|---|---|---|
| | खरिदको मु.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने देखिएको रु | ७११५६८.०० |

| गो.भा.न. मिति | विक्रेता | विवरण | बिल नं. मिति | रकम | मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| ५७/०७५/१/१४ | सन्जु वावा कन्ट्रक्सन राजविराज ७ | भवन मर्मत | १०/०७५/१/१४ | ४२६८३९.०० | ४९१०५.०० |
| ७५/०७५/२/६ | सनराइज कन्ट्रक्सन, सप्तरी | मर्मत सम्भार कार्य | ००५/०७५/२/२ | ४२८५७२.०० | ४९३०५.०० |
| ८४/०७५/२/१५ | दाश कन्ट्रक्सन राजविराज | चौकोस भ्याल ढोका निर्माण | ०८/०७५/२/१३ | ४७१००७.०० | ५४१८.०० |
| ८५/०७५/२/१७ | प्यासिफिक कन्ट्रक्सन राजविराज | वडा नं. १ को दलित भवन मर्मत | ०३/०७५/२/७ | ४८४६७५.०० | ५५७५९.०० |
| ९१/७५/३/५ | सागर कनट्रक्सन राक्सन, राजविराज | १ नं. वडाको मह्लनियाको शाखा रुम मर्मत | | ४८९३६३.०० | ५६२९८.०० |
| १०४/०७५/३/१८ | चन्द्र निर्माण सेवा रुपनी ४ | कुशहा वेल्ही रोड देखि पश्चिम ठाकुरको घर सम्म माटोपुर्ने कार्य | १/०७५/३/१७ | ४८९२३१ | ५६२८३.०० |
| ११२/०७५/२/२१ | | वडा नं २ पथरहा टोलमा विद्युततिकरण कार्य | १/०७५/३/५ | ४४५४१७.०० | ५१२४३.०० |
| ११४/०७५/२/२१ | असन निर्माण सेवा | लाइन निर्माण कार्य | १२/०७५/३/१७ | १२०३८६२.०० | १३८४९७.०० |
| ११६/०७५/२/२५ | सिद्धार्थ विल्डर्श राजविराज | सभाहल मर्मत | ०७ मिति नखुलेको | ४८३६५६.०० | ५५६४२.०० |
| ११७/०७५/२/२५ | दिपक कन्ट्रक्सन राजविराज | पारा लिगास भवन मर्मत | ४/०७५/३/१५ | ४८४६५६.०० | ५५७५७.०० |
| ११९/०७५/२/२५ | एका अपसेट प्रेस राजविराज ३ | अफिस सामान खरिद | १६/०७५/३/२२ | ३१४८१८.०० | ३६२१८.०० |
| ११९/०७५/२/२५ | एका अपसेट प्रेस राजविराज ३ | अफिस सामान खरिद | १७/०७५/३/२२ | ३१४८१८.०० | ३८४९३.०० |
| ११९/०७५/२/२५ | एका अपसेट प्रेस राजविराज ३ | अफिस सामान खरिद | १८/०७५/३/२२ | ३१४८१८.०० | ७२४८.०० |
| | सिमा क्षेत्र कार्यक्रम | | | ० | ० |
| ११/०७५/३/२५ | कस्यप कन्ट्रक्सन मैना कड्री १ | आर सि.सि ढलान | १४/०७५/३/२१ | ४८९३९१.०० | ५६३०२.०० |
| | | जम्मा | | | ७११५६८ |

| | | |
|---|---|---|
| ७१. | ९१।०७५।३।५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नं. र मु.अ.कर दर्ता प्रमाण प्रत्र प्राप्त गरेको फर्म वा कम्पनीवाट खरिद गर्नुपर्ने उल्लेख छ । वडा नं. १ को मल्हनिया को शाखा रुम मर्मत कार्य सागर कन्ट्रक्सन राजविराजबाट कार्य गराई रु ४८९३६३।००(भ्याट समेत) भुक्तानी गरेको बिजकमा कर विजक नं. र मिति उल्लेख नभएकोले अनियमित देखिएको रु | ४८९३६३.०० |
| ७२. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ अनुसार निम्नानुसार संस्थाहरुलाई सेवा उपलब्ध गर्न दिएको पेश्की रकम आर्थिक वर्षको अन्तसम्म पनि असुल फछ्र्यौट नभएको रु | ५९५०००.०० |

| गो.भा.न. मिति | पेश्की लिने संस्थाको नाम | विवरण | रकम |
|---|---|---|---|
| १०६/०७५/३/१४ | योगिनीमाई सामुदायिक विकास केन्द्र | शिप मुलक तालिम संचालन गर्न | २९५५००.०० |
| १०२/०७५/३/२२ | जनचेतना समाज, नेपाल राजविराज ७ | कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम | ३०००००.०० |
| | | जम्मा | ५९५५००.०० |

| | | |
|---|---|---|
| ७३. | १०।०७५।३।४ प्राविधिक स्वास्थ्य सेवाको कार्यालय सामान रिभल्भीङ कुर्सी २, स्टील दराज, टेवुल स्टेण्ड समेत रु ५००००।०० को खरिद गरेको भनि एकता पुस्तक भण्डार राजविराज को २०७५ बैशाख, जेष्ठ को विल नं. २१५,२१७ र २२३ मा विक्रेताको दस्तखत नभएको, माग फाराम, खरिद आदेश तथा दाखिला प्रतिवेदन नभएकोले सो सामान खरिद भएको यकिन नभएको रु | ५००००.०० |
| ७४. | ३।०७४।११२२ स्वास्थ्यकर्मी कर्मचारीहरुको २०७४ मंसिर देखि फागुनको क.सं कोष रु ५४६५६०।४० वीमा कोष रु ४२४००।०० ना.ल.कोष दाखिा ३३४७२।०० तथा सा.सु कर दाखिला रु २५१८१।०० को दाखिला भौचर संलग्न नभएको रु | ६४७५१३.०० |
| ७५. | सस्थ्य संयोजक मो.नसिम राइनको कार्यक्रम पेश्की ४८५०००।०० फछ्र्यौट गर्दा ४७४०००।०० को मात्र खर्चको विल भपाई पेश भएकोले पेश्की फछ्र्यौट गर्दा नपुग रकम असुल गर्नुपर्ने रु | ११०००.०० |
| ७५.१ | सुनौला १००० का विपन्न दलित मुस्लिम महिला र निका परिवारलाई सरसफाईका निम्नानुसार सामानहरु रु | |

<table>
<tr><td></td><td>१२९६००।०० खरिद गरी वडा नं. ५,४,६ र १ का १४७ जनालाई बितरण गरेकोमो निम्नानुसार भपाई र खरिद परिमाण फरक परेको देखिएकोले नियमित नभएको रु
<table>
<tr><td>सामान</td><td>वितरण भपाई</td><td>वितरण भपाई नपुग</td></tr>
<tr><td>जग १८०</td><td>१४७</td><td>३३</td></tr>
<tr><td>साबुन १५० र ३१०</td><td>२९४</td><td>६६</td></tr>
<tr><td>तौलिशप १२८ र ५२</td><td>१४७</td><td>३३</td></tr>
<tr><td>वाल्टिन १८०</td><td>१४७</td><td>३३</td></tr>
<tr><td>साबुन बट्टा १८०</td><td>१४७</td><td>३३</td></tr>
</table>
वितरणमा प्रयोग गाडीको भाडा ७५००।०० मा १० प्रतिशत बहालकर नकटाएको रु ७५०</td><td>२३७६०.००</td></tr>
<tr><td>७६.</td><td>शिक्षा सशर्त : शिक्षा विकास तथा समन्वय केन्द्रवाट गाउपालिका अन्तर्गत सा.विद्यालय मध्ये निम्न विद्यालयको दोश्रो चौमासिकको शिक्षक तलव भत्ता बढी निकासा भएको देखिदा वढी निकासा गरेको असुल गर्नुपर्ने रु
<table>
<tr><td>विद्यालय</td><td>शिक्षक संख्या</td><td>जानुपर्ने</td><td>गएको</td><td>बढी निकासा</td></tr>
<tr><td>जनता मावि रामनगर</td><td>१</td><td>१५४४२४.४०</td><td>१६०३३९.३८</td><td>५९१४.९८</td></tr>
<tr><td>रा.प्रा.वि कमलदाहा</td><td>४</td><td>४७२२६१.६०</td><td>४८२२२८.२०</td><td>९९६६.६०</td></tr>
<tr><td>राजेश्वती आधारभुत नि.मा.वि भौवाह</td><td>५</td><td>५९८७१७.२०</td><td>५९९९१७.२०</td><td>१२००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१७०८१.५८</td></tr>
</table></td><td>१७०८१.५८</td></tr>
<tr><td>७७.</td><td>वहुक्षेत्रीय पोषण योजना : यस कार्यकमा ११,२९,०००।- बजेट भएको र सो संपूण रकम निकासा खर्च भएको छ । यस कार्यक्रम अन्तर्गत बिभिन्न कार्यहर भएको मध्ये गो भौ. नं. र मिति ५।२०७५।३।२२ बाट ना.प्रा.स नाथुनी मण्डलले ह्यूल ८ हप्ते कुखुराको चल्ला ६०० वटा र नेपीमर घार सेट २००० खरिद एवं ढुवानी गरी लाभग्राही कृषक लाई वितरण गरेको मध्ये वडा नं. ६ रौतहका कृषक पारवती देवा दास र दशनी देवी दासको बुझेको नदेखिदा कुखुराको चल्ला रु ४९० को दरले १० वटाको ४९००।०० र नेपिरण घास सेट १० को १० का दरले रु १०० गरी जम्मा रु ५०००।०० ले २ जनाको रु १००००।०० असुल गर्नुपर्ने रु</td><td>१००००.००</td></tr>
<tr><td>७८.</td><td>मो नसिव राईको रु ७६४८५०।०० पे.फ फाटवारीमा पोषण कार्यक्रम अनुगमन रु ३००००।०० खर्च मध्ये राम विलास चौधरी(०७५।३।१० देखि १०।१६), प.स्वा.पां नथुनी मण्डल(०७५।३।१ देखि ३।६), प्रा.स गोरख प्र.यादव(०७५।३।१५ देखि ।३।२० र रमेश मरिक यादवको रु ५०००।००को दरले भपाई वेगर खर्च लेखेको रु.</td><td>२००००.००</td></tr>
<tr><td>७९.</td><td>३६५८५२३(सिमा क्षेत्र विकास कार्यक्रम)<br>उदय र विकास नेपाल संस्था मार्फत ३ विद्यालयमा ०७५।१।२७ देखि २।१५ सम्म HIV AIDS सचेतना तालिम गोष्ठी गरी सम्झौता अनुसार रु ४८२०००।०० भुक्तानी गरेकोमा निम्नानुसार देखियो ।
<ul>
<li>निर्वाचित अध्यक्ष दयानन्द गोइत र उपाध्याक्ष रुवी गुप्ताको अनुगमन भत्ता रु १५००।०० ले ३०००।०० पाउने आधार नदेखिएको</li>
<li>कर कट्टी रु ४७२५।०० दाखिला भौचर पेश नभएको रु ४७२५।००</li>
</ul></td><td>७,७२५.</td></tr>
<tr><td>८०.</td><td>शान्त विकाशील नेपाल संस्था मार्फत वडा नं. ३ र ५ का ३ विद्यालयमा महिला हिंसा न्यूनिकरण सम्वन्धी सचेतना कार्यक्रम संचालन गरी सम्झौता अनुसार ४६४०००।०० भुक्तानी गरेकोमा निम्नानुसार देखियो ।
<ul>
<li>निर्वाचित अध्यक्ष दयानन्द गोइत र उपाध्याक्ष रुवी गुप्ताको अनुगमन भत्ता रु १५००।०० ले ३०००।०० पाउने आधार नदेखिएको</li>
<li>कर कट्टी रु ४३८३।०० दाखिला भौचर पेश नभएको रु ४३८३।००</li>
</ul></td><td>७,३८३.</td></tr>
<tr><td>८१.</td><td>२०।२०७५।३।३२ वडा नं. ४ सचिव रामबाबु यादवले विपद व्यवस्थापन गोष्ठी रु २०००००।०० राजस्व, लेखा, लेखापरीक्षण सामाजिक परिक्षण, सुचना व्यवस्थापन गोष्ठी रु २०००००।०० दलित, जनजाति शिपमुलक तालिम सचेतना गोष्ठी वापत रु १०००००।०० र तरकारी खेती, कृषि प्रसारमा रु १०००००।०० समेत रु ६०००००।०० पेश्की लिई फछ्र्यौट को लागि रु २०७५३।३२ मा निवेदन र तोकादेश भइ फछ्र्यौट गरेको देखियो । कार्यक्रमहरु सवै २०७५ श्रावणमा संचालन भएको र कर दाखिला रु २४१८५।०० मिति २०७५।१०।१४ मा मात्र भएकोले आर्थिक वर्ष व्यतित भएपछि यस कार्यक्रम संचालन गरी अगाडि पे.फ. गरेको नियमित नदेखिएको ।</td><td>६०००००.०</td></tr>
</table>

८२. सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गतका नियम टुक्रा टुक्रा पारी खरिद गर्न हुदैन भन्ने व्यवस्था छ । गाउँपालिका भबन प्राङ्गणमा माटो तथा ग्राभेलको काम गर्न एउटै प्याकेजमा सिलबन्दी कोटेसनबाट नगराई निम्न अनुसार ३ टुक्रा पारेर गराएकोपाईयो ।

| गो.भौ.नं. मिति | फर्म | रकम |
|---|---|---|
| १९५/०७५/३/२७ | एकलव्य कन्ट्रक्सन | ४९४६७३.०० |
| १९६/०७५/३/२७ | गंगा कन्स्ट्रक्सन | ४९४६७३.०० |
| १९७/०७५/३/२७ | कन्चन कन्स्ट्रक्सन सुनसरी | ४९४६७३.०० |
| | जम्मा | १४८४०१९.०० |

८३. सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गतका नियम टुक्रा टुक्रा पारी खरिद गर्न हुदैन भन्ने व्यवस्था छ । गो. भौ.नं.र मिति १८८।०७५।३।२५ बाट गाउपालिकाले निम्न विक्रेतावाट कार्यालय सामान, छपाई, फर्निचर, जस्ता सामान कन्टीन्जेन्सी शिर्षकवाट सोझै खरिद गरेको देखियो । ५०६६५।००

| फर्म | परिमाण | रकम |
|---|---|---|
| एकता ट्रेडस सप्लायर्स | १५ | ३९९००३.०० |
| एकता ट्रेडस सप्लायर्स (१५) | १५ | १४८७६५.०० |
| एकता ट्रेडस सप्लायर्स (१४) | १४ | १८३११७.०० |
| एकता ट्रेडस सप्लायर्स | विभिन्न | १९९१६३.०० |
| एकता ट्रेडस सप्लायर्स | बिभिन्न | ४५१३२२.०० |
| एकता ट्रेडस सप्लायर्स | ल्यापटप व्याग | ३२१०५०.०० |
| एकता ट्रेडस सप्लायर्स | विभिन्न १८ सामान | २१९३७९.०० |
| | जम्मा | **१९२१७९९.००** |
| शिवम ट्रेडस एण्ड फर्निसिङ्ग | | ३२७७११.०० |
| शिवम ट्रेडस एण्ड फर्निसिङ्ग | | ३२८३७.०० |
| शिवम ट्रेडस एण्ड फर्निसिङ्ग | | ५०४४३.०० |
| शिवम ट्रेडस एण्ड फर्निसिङ्ग | | १८४००.०० |
| | जम्मा | **४२९३९८.००** |
| दिप ट्रेडर्स एण्ड सप्लायर्स | चेयर,कूर्ची आदि | ३५०३००.०० |
| | रिभल्भीन चेयर दराल आदि | ४६४२०४.०० |
| | पंर्खा समेत १५थरी | २८२८९६.०० |
| | रेन्कोट १०० पिस | ३६७२५०.०० |
| | | **१४६४६५०** |

यसरी खरीद गरिएका कार्यालय सामान, छपाई आदिको दाखिला प्रतिवेदन फाराम नं. र जिन्सी खाता पाना नं. नखुलेको हुंदा जिन्सी खातामा भिडान भएको छैन । उक्त भूक्तानिमा गरिएको कर कट्टी रु. ५०६६५।०० को राजश्व दाखिला भौचर पेश भएको छैन ।

**सामाजिक सुरक्षा भत्ता :**

८४. सचिव श्री गया प्रसाद यादवले वडा नं. ६ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न भौ.नं. २५ मिति २०७५।३।२५ बाट लिएको पेश्कि रु १९४८०००।०० मध्ये रु १७६३८००।०० वितरण गरेको भरपाई र बांकी रु ७७८००।०० बैङ्क भौचर नं. ०४३९२०७० बाट मिति २०७५।५।२८ मा राजस्व दाखिला गर्दा सक्कल भौचर पेश नभई फोटोकपी पेश भएकोमा सक्कल भौचर पेश हुनुपर्ने रु...........७७८००।०० ७७८००.००

८५. सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ अनुसार बालवालिका वापतको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बालवालिकाको जन्म मिति हेरेर जन्म मितिले ५ वर्ष भित्रका बच्चालाई मात्र भत्ता वितरण गर्नुपर्नेमा निम्न वडाले ५ वर्ष भित्र पाउने रकम भन्दा बढी रकम भरपाईबाट दिएको पाइएकोले बढी रकम असुल उपर गरी दखिला गर्नुपर्ने रु. २८००.००

| गो.भा.मिति | किस्ता | वडा | नाम | जन्म मिति | पाउनुपर्ने रु. | पाएको रकम | बढी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पहिलो | ६ | अनिशा कुमारी दास | २०६९/६/१३ | ८०० | १६०० | ८०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तेश्रो | ५ | गौरी शंकर सदाय | २०६९/११/१६ | ० | १६०० | १६०० | दोश्रो किस्तामा ८०० मात्र लिएकोमा तेश्रोमा हातले २०७० बनाई |
| | तेश्रो | ४ | अक्षय कुमार सदाय | २०७०२/१७ | १२०० | १६०० | ४०० | जन्म मिति २०७०/४/३० बनाई |
| | | | जम्मा | | २००० | ४८००.०० | २८०० | |

| | | |
|---|---|---|
| ८५(क) | **पेश्की सम्वन्धमा :** कार्यालयको बैक नगदी किताव अनुसार पेश्की बाकी रु २४१०५००।०० देखिएकोमा कार्यालयबाट पेश भएको विवरण अनुसार रु ७९९०००।०० देखाइएको हुदा बैक नगदी कितावमा देखाइएको पेश्की रु १६११५००।०० को विवरण पेश नभएको हुदा सो पेश्की कुन प्रयोजनको लागि कसलाई पेश्की दिएको हो खुल्न नआएकोले असुल फछ्र्यौट हुनपर्ने रु | १६११५००.०० |
| ८६. | **आन्तरिक निरिक्षण प्रतिबेदनबाट समेत औंल्याईएको निम्नानुसारको बेरुजुको प्रमाण वा असूल फछ्र्यौट हुनु पर्ने देखियो ।** | |
| ८६.१ | घर जग्गाको लगत मुल्यांकन भएको पाईएन साथै जिन्सी सामानको निरीक्षण गर्दा चालुहालतका सामाग्रीको मुल्यांकन गरी मुल्य खुलाउनु पर्नेमा सो भएको पाइएन । नगरपालिकाको क्षेत्र भित्र १ घण्टा पनि नलाग्ने स्थानमा रहेका योजनाहरुको अनुगमन भनेर पदाधिकारीहरुले अनुगमन भत्ता खर्च लेखेको रकम नियमित भएको भन्न नसकिने साथै कार्यालय समय भित्र विभिन्न वैठक(वोलपत्र सम्वन्धि) को बैठक भत्ता लिन नपाउने भएकोले नियमित भन्न नसकेको पाइयो । त्यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको आव ०७४।७५ को तलवी प्रतिवेदन पारित गराईमात्र तलव खर्च लेखनुपर्नेमा सो नगरेकोले अविलम्ब पारित गराउनुपर्ने । | |
| ८६.२ | ४८।०७५।१।५। मा खर्च भएर जाने सामानको खरिद आदेश र दाखिला नभएको रु | १०४६१६.०० |
| ८६.३ | ७०।०७५।१।२० मा खर्च सुपर भाइजर जागेश्वर यादवलाई भ्रमण खर्च भुक्तानी दिदा होटल वास खर्च रु २५००।०० गाडी भाडा रु १५० लाग्नेमा ४०००।०० दिएको रु | ६२००.०० |
| ८७.४ | १२६।०७५।३।३२ कार्यक्रम खर्च वाट माघे सक्रान्ति समितिका भुपेन्द्र प्रसाद यादवको नाममा चेक जारि भएको रकम बुझिलिने भरपाइमा नाम लिष्ट भएको तर सहिछाप र विल भरपाई नभएको | १५३०००.०० |
| ८८.५ | ४०।२०७४।२।१७ विभिनन शिर्षकमा रु २६८८६३ खर्च लेखिएको मध्ये रु ३०००।०० को भरपाई सम्लग्न राखी नियमित गेर्न अन्यथा असुल उपर गर्नुपर्ने | ३०००.०० |
| ८८.६ | विभिन्न गोश्वरा भौचरहरु बाट विभिन्न उपभोक्ता समितिहरुलाई निर्माण कार्यहरुको रकम भुक्तानी गरेको संलग्न डोर हाजिरी फाराम एवं विल भरपाईमा रकम बुझिलिनेको भरपाई नभएको हुँदा उक्त खर्च रकम सम्वन्धितले भुक्तानी पाएको भन्ने एकिन हुन नसकेको | |
| ८८.७ | २०४।२०७५।२।२८ गोश्वार भौचरबाट दिप ट्रेडर्स सप्लायर्सलाई भुक्तानी भएको तर खरिद आदेश विल र दाखिला प्रतिवेदन नदेखिएको हुदा उक्त कागजात संलग्न गरि नियमित गर्नु पर्ने देखियो । | २३०६१०.०० |
| ८८.८ | आर्थिक वर्षको अन्तसम्म पेश्की फछ्र्यौट नगरेको वडा सचिव रामबाबु यादव | ४०००.०० |
| ८८.९ | ब.उ.शि.नं. ३६५०१५३ सामाजिक सुरक्षा बाट निकासा रु ३६४५५२००।०० मा रु ३६४७८४०० भुक्तानी भएको देखिएको हुदा रु २३२००।०० गाउँपालिकाको अन्य श्रोत वाट खर्च भएको हिसाव मिलान गर्नुपर्ने | |
| ८८.१० | वित्तिय समाजिकरण तर्फ पूँजिगत खर्चमा कर कट्टा गरेको रकम आन्तरिक राजस्व कार्यालयको राजस्व खातामा जम्मा गर्नुपर्ने रु | २५३३४५.०० |
| ८८.११ | आर्थिक वर्षको अन्तसम्म पेश्की फछ्र्यौट नगरेको समाज सुधार तथा वातावरण विकास नेपाल राजविराजको नियमानुसार फछ्र्योट हुनु पर्ने रु. | २०००००.०० |
| ८७. | **सेवा प्रवाह :** यस गांउपालिकाले आफ्नो कार्यालयमा सेवाग्राहीको गुनासो सुन्न गुनासो पेटिकाको व्यवस्था गरेको भए पनि गुनासो पेटिकामा गुनोसो नआएको तर टेलिफोन, मौखिक, हेलो सरकार लगायतका माध्यमबाट गुनासा प्राप्त हुने गरेकोमा कार्यालयले उल्लेखित गुनासाको व्यवस्थित अभिलेख राखेको पाईएन । सेवा प्रबाह प्रक्रियालाई बडापत्रको | |

<table>
<tr><td></td><td>व्यबस्था संग मेल खाने गरेर थप व्यबस्थित गराई जनगुनासो आउन नदिने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । यस सम्बन्धमा छलफल गर्दा प्राप्त भएका गुनासो समाधान गरिएको तर अभिलेख व्यवस्थित हुन नसकेको लेखापरिक्षणको कममा जानकारी हुन आयो । जुनसुकै माध्यमबाट कार्यालयमा प्राप्त गुनासाको अभिलेख व्यवस्थित हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८८.</td><td>बेरुजुको लगत र संपरीक्षण : स्थानीय सरकारको आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ५८ मा आन्तरिक वा अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजू फछ्र्योट गर्नु पर्ने व्यबस्था छ । गांउपालिकाको बेरुजूको अध्याबधिक अभिलेख खडागरी संपरीक्षण गराई बेरुजू राफसाफ गराउने तर्फ ध्यान जानुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>८९.</td><td>वित्तीय जवाफदेहिता मूल्यांकन : सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा यस कार्यालयको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन / विकास निर्माण सम्बन्धमा मूल्यांकन गर्दा कूल १०० पूर्णाङ्कमा ५२ अंक प्राप्त गरी सी ग्रेड प्राप्त गरेको छ । उक्त व्यहोराको संबन्धमा सुधार हुनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९०.</td><td>बेरुजू - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.५ लाख २३ हजार, अनियमित बेरुजू रु.६२ लाख १८ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.२ करोड ९१ लाख ३० हजार र पेश्की बाँकी देखिएको रु.२४ लाख १० हजार समेत रु.३ करोड ८२ लाख ८१ हजार बेरुजू कायम भएको छ। कार्यालयबाट प्रतिक्रिया एवं जवाफ प्राप्त भएको छैन ।</td><td></td></tr>
<tr><td>९१.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्योट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्योट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्योट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ<br>(रु हजारमा)
<table>
<tr><th>गत वर्षको बेरुजू रकम (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>–</td><td>–</td><td>–</td></tr>
</table></td><td></td></tr>
<tr><td>९२.</td><td>अद्यावधिक बेरुजू स्थिति : बलान बिहुल गांउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : (रु.हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी ) ©</th><th>यो वर्षको सं प.बाट कायम बेरुजू (D)</th><th>यो वर्षको कायम बेरुजू (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>-</td><td>-</td><td>३८२८१</td><td>३८२८१</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची- १

# बलान विहुल गाउँपालिको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | वाकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सप्तरी | बलान विहुल गा.पा | ४१ | ५१ | ३८२८१ | ० | ० | ० | ४१ | ५१ | ३८२८१ | ५२३ | ६२१८ | २९१३० | | | ३५८७१ | ७९५ | १६१५ | २४१० |

अनुसूची- २

# बलान विहुल गाउँपालिकाको सञ्चित कोष विवरण

## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १. | बलान विहुल गाउँपालिका | सप्तरी | ५९३ | १४९१७३ | ४११८९ | ५००१६ | २४०३७८ | २०३४०३ | ९१९३ | ० | २१२५९६ | २८३७५ |